# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ३८ | काठमाडौं | आइतबार, १७ जेठ २०८३ | Prabhab National Daily | Sunday, 31 May 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


# आधारभूत सेवामै करको भार

## विद्युत्, शिक्षा र स्वास्थ्यमा कर थपिंदा विपन्न नागरिक र साना उद्योग मारमा

- ५० युनिटमाथि विद्युत् खपतमा पाँच प्रतिशत कर
- निजी विद्यालय र अस्पतालमा तीन प्रतिशत समता शुल्क
- महँगी बढ्ने र त्यसले गरिब जनता प्रभावित हुने चिन्ता

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सार्वजनिक गरेको बजेटले आम नागरिकमाथि थप आर्थिक भार थोपरेको भन्दै आलोचना भएको छ। ५० युनिटभन्दा बढी विद्युत् खपत गर्दा पाँच प्रतिशत कर असुल्ने, शिक्षा र स्वास्थ्य क्षेत्रमा तीन प्रतिशत 'समता शुल्क' लगाउनेजस्ता नयाँ व्यवस्था तथा अप्रत्यक्ष करले निम्न वर्गका नागरिकलाई झनै मार पर्ने अवस्था सिर्जना गरेको सरोकारवालाहरूले टिप्पणी गरेका हुन्।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शुक्रबार प्रस्तुत गरेको बजेटले कर प्रणालीलाई विस्तार गर्दै राजस्वको आधार मजबुत बनाउने दाबी गरे पनि आधारभूत सेवामा करको दायरा बढाइँदा गरिब नागरिकको ढाड सेकिने आलोचकहरूको भनाइ छ। पूर्वऊर्जामन्त्रीसमेत रहेका उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले विद्युत् उपभोगमा लगाएको कर खारेज गर्न माग गरेका छन्। उनका अनुसार सरकारको यस्तो कदम आमउपभोक्ताको हितविपरीत, ऊर्जा रूपान्तरणको लक्ष्यविपरीत र स्वदेशमै उत्पादित स्वच्छ ऊर्जाको उपयोग बढाउने राष्ट्रिय अभियानविपरीत रहेको छ।

क्रमशः पृष्ठ २ मा



निजी शिक्षामा उच्च शुल्कका कारण यसअघि नै गरिब परिवारका विद्यार्थीहरु शिक्षाको पहुँचबाट बाहिरिने जोखिममा छन् । यस्तो अवस्थामा तीन प्रतिशत करले शिक्षा अझ महँगो बन्ने छ ।

■ **विद्यानाथ कोइराला**
शिक्षाविद्



देशभित्रै उत्पादित विद्युत्को खपत बढाउन प्रोत्साहनमूलक नीति ल्याउनुपर्नेमा सरकारले उल्टै विद्युत् प्रयोगलाई निरूत्साहित गर्ने कदम चालेको छ ।

■ **कुलमान घिसिङ**
पूर्वऊर्जामन्त्री



किसान, मजदुर, बेरोजगार युवा र सुकुमबासीका लागि ठोस कार्यक्रम देखिँदैन । आधारभूत सेवामा कर बढाउँदा असमानता झनै बढ्छ ।

■ **डा. बाबुराम भट्टराई**
पूर्वप्रधानमन्त्री

# फेरि विभाजनको संघारमा राप्रपा

## धवलशमशेर राणा नयाँ दल खोल्ने तयारीमा

- महामन्त्री डा. धवलशमशेर राणाले नयाँ दल बनाउने
- पूर्वअध्यक्षहरूलाई दलमा नसमेट्ने
- जनमत भएका र संगठन बनाउन सक्ने नेताहरूलाई गठन गरिने नयाँ दलमा समेट्ने तयारी
- रवीन्द्र मिश्र र दुर्गा प्रसाईंलाई समावेश गर्ने चर्चा
- अध्यक्ष राजेन्द्र लिङ्देनसँगको झण्डै तीन वर्षदेखिको मतभेदपछि नयाँ दल खोल्ने पक्षमा राणा पक्ष



■ **जेबी योञ्जन**

**काठमाडौं–** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) भित्र लामो समयदेखि चुलिँदै आएको आन्तरिक असन्तुष्टि निर्णायक मोडमा पुगेको छ। अध्यक्ष राजेन्द्र लिङ्देनको कार्यशैली, निर्णय प्रक्रिया र पार्टी संगठन सञ्चालनप्रति असन्तुष्टि जनाउँदै महामन्त्री डा. धवलशमशेर राणा पक्ष पार्टीबाट अलग भएर नयाँ राजनीतिक दल गठन गर्ने अन्तिम तयारीमा पुगेको हो।

गठन गरिने नयाँ दलमा पार्टीका अभिभावकीय नेताहरू नहुने राणानिकट एक जना पूर्वपदाधिकारीले बताए। 'पूर्वअध्यक्ष लोकेन्द्रबहादुर चन्द, पशुपति शमशेर राणा, कमल थापा, प्रकाशचन्द्र लोहनी, नवराज सुवेदी कोही पनि हामीसँग हुने छैनन्, हामी जनमत भएका र संगठन निर्माणमा जुझारु हुने नेताहरू मात्रै समेट्छौं,' उनले प्रभावसँग भने।

पार्टीभित्र अध्यक्ष लिङ्देनसँग राणा पक्षको शक्ति संघर्ष, विवाद र वैचारिक तथा संगठनात्मक असमझदारी भएको तीन वर्षदेखि हो। २०७८ सालमा भएको पार्टी महाधिवेशनमा लिङ्देनलाई पूरापूर समर्थन गर्ने नेता राणा नै थिए। तर, समयक्रममा अध्यक्ष लिङ्देन र महामन्त्री राणाको सम्बन्ध सुमधुर हुन सकेन।

गिजामा भएको क्यान्सरको उपचारका लागि दिल्ली जाँदा राणाको संगठन विभाग प्रमुख पद लिङ्देनले उपाध्यक्ष बुद्धिमान तामाङलाई दिए। १५ चैत २०८१ मा भएको राजावादीको तीनकुने प्रदर्शन हिंसात्मक बन्दा राणासहित तत्कालीन वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रलगायत पक्राउ परे पनि लिङ्देनले रिहाको कुनै पहल गरेनन्। बरु, राणापक्षीय १० जनाभन्दा बढी नेताहरूलाई कारबाही गर्दै पार्टीको जिम्मेवारीबाट हटाए। यी घटनाक्रमले पनि लिङ्देन र राणा पक्षबीचको सम्बन्ध कटुतापूर्ण बनाउन मद्दत गर्‍यो। पछिल्ला पार्टी बैठकहरूमा दुई पक्षबाट नोकझोकै चल्थ्यो। यस्तोमा राप्रपा विभाजनको डिलमा पुगेको हो।

यसका लागि राणा पक्षले सोमबार काठमाडौंको एल्लो प्यागोडामा निकट नेताहरूको विशेष भेला बोलाएको छ, जसलाई नयाँ दल गठनको औपचारिक आधार बनाउने तयारी गरिएको राणापक्षीय ती पूर्वपदाधिकारीले बताए।

उनी भन्छन्, 'शुक्रबार पार्टी स्थापना दिवसमा अध्यक्ष लिङ्देन, उपाध्यक्ष बुद्धिमान तामाङ र महामन्त्री राजेन्द्र गुरुङमात्रै सहभागी थिए। त्यहाँ पूर्वअध्यक्षहरू लोकेन्द्रबहादुर चन्द, पशुपतिशमशेर जबरा, कमल थापा र प्रकाशचन्द्र लोहनी थिएनन्। उपाध्यक्ष विक्रम पाण्डे, दिलविकास राजभण्डारीलगायत छ उपाध्यक्ष, महामन्त्रीहरू डा. धवलशमशेर जबरा, प्रल्हाद शाह, कुन्तिकुमारी शाहीलगायत थुप्रै पदाधिकारी थिएनन्। त्यो पार्टी विभाजनको सूचक थियो।'

ती नेताका अनुसार पछिल्लो समय राप्रपाभित्र अध्यक्ष लिङ्देनको नेतृत्व शैलीप्रति असन्तुष्टि सार्वजनिकरूपमा पनि देखिन थालेको थियो। विशेषगरी निर्णय प्रक्रियामा एक्लौटीपन, महाधिवेशन गर्न नचाहेको, संगठनात्मक संरचनालाई कमजोर बनाइएको आरोप र पार्टीभित्र आन्तरिक छलफलको अवसर सीमित गरिएको गुनासो राणा पक्षले उठाउँदै आएको थियो।

महामन्त्री राणानिकट नेताहरूका अनुसार २१ फागुनको निर्वाचनपछि पार्टीभित्र संवादको वातावरण कमजोर हुँदै गएको छ। नीति निर्माणदेखि संगठन विस्तारसम्मका महत्वपूर्ण निर्णयहरूमा आफूहरूलाई बेवास्ता गरिएको अनुभूति बढ्दै गएको राणापक्षीय नेता दमन बस्नेतले बताए।

क्रमशः पृष्ठ २ मा

> पार्टीभित्रको निर्णय प्रक्रिया, नेतृत्वको शैली र आन्तरिक लोकतन्त्र कमजोर भएकाले अब नयाँ विकल्प खोज्नुपर्ने अवस्था आएको हो ।
>
> ■ **दमन बस्नेत**
> राणापक्षीय नेता

> उहाँ (राणा) पार्टीको महत्त्वपूर्ण र जिम्मेवार नेता हुनुहुन्छ । आन्तरिक असन्तुष्टि संवादमार्फत समाधान गर्न सकिन्छ । पार्टीलाई वैकल्पिक राष्ट्रवादी शक्ति बनाउने प्रयास भइरहेको समयमा विभाजन उपयुक्त बाटो हुँदैन ।
>
> ■ **मोहन श्रेष्ठ**
> प्रवक्ता

**सन्दर्भः वैदेशिक रोजगार**

# संघको निर्वाचनलाई लिएर व्यवसायी विभाजित

## वैधानिक कार्यसमिति कायमै रहेको गुरूङपक्षको दाबी, प्रबन्ध समिति जेठ २४ मा निर्वाचन गर्न अगाडि बढ्दै

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचन लक्षित गतिविधिप्रति व्यवसायीहरू विभाजित भएका छन्। संघका अध्यक्ष भुवनसिंह गुरुङले निर्वाचन लक्षित गतिविधिप्रति गम्भीर ध्यानाकर्षण भएको भन्दै प्रेस विज्ञप्ति जारी गरेसँगै नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र नेपाल वैदेशिक रोजगार महिला व्यवसायी संघले पनि संघको वैधानिक नेतृत्वप्रति भ्रम फैलाएको भन्दै आपत्ति जनाएका छन्।

गुरुङले प्रेस विज्ञप्ति जारी गर्दै स्वार्थप्रेरित समूहले अनधिकृत अभिव्यक्ति र भ्रामक प्रचारमार्फत संघभित्र कृत्रिम विवाद सिर्जना गर्ने, व्यवसायीलाई अन्योलमा पार्ने तथा वैधानिक नेतृत्वमाथि प्रश्न उठाउने प्रयास गरिरहेको आरोप लगाएका छन्। उनले जिल्ला प्रशासन कार्यालय काठमाडौंले जारी गरेको पाँचबुंदे निर्देशनलाई गलत अर्थमा प्रचार गरिरहेको दाबी गरेका छन्। गुरुङले जारी गरेको विज्ञप्तिमा प्रशासनले स्पष्टरूपमा वर्तमान कार्यसमिति तथा नेतृत्वलाई नै संघ सञ्चालन गर्न निर्देशन दिएको दाबी गरिएको छ।

'उक्त पत्रमा कतै पनि वर्तमान नेतृत्वलाई अवैधानिक भनिएको छैन, न त कुनै अन्य समूहलाई संघको आधिकारिकता प्रदान गरिएको छ,' विज्ञप्तिमा भनिएको छ, 'बरु संघलाई वैधानिक, मर्यादित र संस्थागत प्रक्रियाअनुसार सञ्चालन गर्न वर्तमान नेतृत्वलाई जिम्मेवारीसहित अगाडि बढन निर्देशन गरिएको स्पष्ट छ।'

सम्पूर्ण व्यवसायीहरूको मतबाट निर्वाचित नेतृत्वमाथि अनावश्यक विवाद सिर्जना गर्नु भनेको हजारौं व्यवसायीहरूको मताधिकार तथा लोकतान्त्रिक प्रक्रियामाथिको प्रहार भएको गुरुङले उल्लेख गरेका छन्। साथै, वैधानिक नेतृत्वविरुद्ध गरिने कुनै पनि भ्रमपूर्ण गतिविधि, लेटरप्याडको दुरूपयोग, अनधिकृत अभिव्यक्ति तथा संस्थागत मर्यादा कमजोर बनाउने कार्य असहचक हुने पनि उल्लेख गरिएको छ।

यहीबीच आगामी जेठ १९ गते श्रममन्त्री रोजगार, श्रम तथा युवामन्त्री रामजी यादवसँग श्रम क्षेत्रका समस्या समाधानका विषयमा हुने निर्णायक...

क्रमशः पृष्ठ २ मा

# बजेटमा समेटिएका नयाँ नारा र कार्यक्रम

- पूर्वाधार क्षेत्रमा फड्को मार्न 'सन सेट' कानुन
- नेपाललाई 'टेक हब' बनाउनेदेखि 'एआई कम्प्युट' क्षेत्र स्थापना
- सामाजिक सुरक्षा भत्तामा 'सक्नेले छोडौं, नसक्नेले जोडौं' नारा
- 'एक नागरिकः एक डिजिटल प्रोफाइल' अभियान
- सरकारी कार्यालयमा 'डिजिटल टाइम कार्ड'



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** जेन-जी विद्रोहको बलमा उदायको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को सरकारले आर्थिक रूान्तरण र संरचनागत सुधारको घोषणासहित आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट सार्वजनिक गरेको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शुक्रबार संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत बजेटमा केही नयाँ र आकर्षक नारा तथा कार्यक्रमहरू समेटिएका छन्।

विशेषगरी बजेटमा करका दरमा व्यापक पुनरावलोकन र प्रविधिको क्षेत्रमा महत्त्वाकांक्षी योजनाहरू समेटिएको छ। अर्थमन्त्री वाग्लेले खर्च कटौतीका लागि भन्दै अनावश्यक ३१ संरचना खारेजी र केही निकायको पुनर्संरचना गर्ने घोषणा गरेका छन्। पूर्वाधार क्षेत्रमा फड्को मार्न 'सन सेट' कानुन ल्याउने, केही नेपाल ऐनमार्फत असान्दर्भिक कानुन खारेज गरिने भएको छ।

विकास र वातावरणबीच सामाञ्जस्य गर्ने प्रस्ताव गरिएको बजेटमा अश्वर वण्ड, एआई फचाक्ट्री, मातृभूमि कोष, रुग्ण उद्योगलाई निजी सरकारी साझेदारी, सूचना प्रविधिको विस्तारमा अर्जुनदृष्टि, नेपाललाई 'टेक हब'जस्ता नयाँ कार्यक्रम राखिएका छन्। यस्तै, स्युचाटारमा 'एआई कम्प्युट' क्षेत्र स्थापना, काठमाडौंको उपत्यकाको...

क्रमशः पृष्ठ २ मा




सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
निः सन्तानपन सम्बन्धी उपचार

HARDIK
IVF and Fertility Center
Where Miracles Come to Life

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

पृष्ठ १ बाट क्रमश:

## फेरि विभाजनको...

यसै असन्तुष्टिको पृष्ठभूमिमा नयाँ राजनीतिक दलको विकल्पबारे राणापक्षबीच संवाद हुँदै आएको उनी बताउँछन् । उनका अनुसार उक्त भेलाले पार्टीबाट सामूहिक रूपमा अलग हुने औपचारिक निर्णय हुने सम्भावना छ । राप्रपा अब संस्थागतरूपमा सही दिशामा अघि नबढेको निष्कर्ष निकाल्दै नयाँ राजनीतिक शक्ति निर्माण गर्ने निर्णयतर्फ समूह अघि बढेको हो । बस्नेतले भने, 'पार्टीभित्रको निर्णय प्रक्रिया, नेतृत्वको शैली र आन्तरिक लोकतन्त्र कमजोर भएकाले अब नयाँ विकल्प खोज्नुपर्ने अवस्था आएको हो ।' प्रारम्भिक चरणमै करिब १०० जना नेताले एकैपटक पार्टी परित्याग गर्ने तयारी राप्रपाभित्र भइरहेको छ । यसले राप्रपाको संगठनात्मक संरचनामा ठूलो असर पार्ने अनुमान गरिएको छ ।

नयाँ बन्ने दलको स्वरूप, नाम र नेतृत्व संरचनाबारे समेत प्रारम्भिक छलफल सुरु भइसकेको छ । 'राष्ट्रवादी वैकल्पिक शक्ति' का रूपमा नयाँ दल गठन गर्ने भएको हो । देशमा राजतन्त्र पुनःस्थापना र हिन्दू राष्ट्र पुनःस्थापना गठन गरिने नयाँ दलको कार्यनीति हुने भएको छ ।

दलको अध्यक्ष धवलशमशेरलाई बनाउने प्रारम्भिक समझदारी बनेको नेता बस्नेतले बताए । व्यवसायी दुर्गा प्रसाईंलाई 'सर्वोच्च कमाण्डर'का रूपमा अगाडि सार्ने विषयमासमेत छलफल भएको बताइएको छ । यद्यपि, प्रसाईंसँगको सहमति र भूमिकाबारे अन्तिम निर्णय भने भइसकेको छैन । यदि प्रसाईंको सहभागिता सुनिश्चित नभएमा राणा स्वयंको नेतृत्वमा दल अघि बढाउने विकल्प पनि खुला राखिएको स्रोतहरूको भनाइ छ ।

नयाँ दलमा पूर्वमन्त्री दिलनाथ गिरी, दिलविकास राजभण्डारी, सगुन लावती, नारायण कोइरालालगायतका नेताहरू सक्रियरूपमा सहभागी हुने तयारीमा रहेको दाबी गरिएको छ । पार्टीबाट अलग भएका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, शरदराज पाठकलगायतलाई पनि समेट्ने तयारी भएको छ ।पार्टी विभाजन रोक्नका लागि वरिष्ठ नेताहरूले पछिल्ला दिनमा लगातार छलफल र मध्यस्थताको प्रयास गरेका थिए । विशेषगरी पूर्वअध्यक्ष पशुपतिशमशेर जबरा र अन्य वरिष्ठ नेताहरूले राणालाई पार्टीभित्रै समाधान खोज्न आग्रह गरेका थिए ।

अर्का पूर्वअध्यक्ष डा. प्रकाशचन्द्र लोहनी र अन्य नेताहरूको उपस्थितिमासमेत आन्तरिक छलफल भएको थियो । उक्त छलफलमा पार्टी एकताबद्ध राख्ने, आगामी महाधिवेशनमार्फत समस्या समाधान गर्ने प्रस्तावहरू राखिएको बताइएको छ । तर, राणा पक्षले पार्टी नेतृत्वले विधानअनुसार काम गर्न नसकेको, महाधिवेशनलाई समेत टार्ने मनसाय देखिएको तथा आन्तरिक लोकतन्त्र कमजोर बनाइएको आरोप लगाउँदै उक्त प्रस्ताव अस्वीकार गरेको स्रोतहरूको भनाइ छ ।

पार्टीभित्र विभाजनको चर्चा तीव्र भइरहेका बेला पूर्वअध्यक्ष कमल थापाले सार्वजनिकरूपमा एकता कायम राख्न अपिल गरेका छन् । उनले सामाजिक सञ्जालमार्फत पार्टीभित्र समस्या भए पनि समाधान पार्टीभित्रै खोज्न सकिने उल्लेख गरेका छन् । थापाले आगामी महाधिवेशनले पार्टीलाई नयाँ ऊर्जा र दिशा दिने विश्वास व्यक्त गर्दै नेताहरूलाई विभाजनको बाटो नअपनाउन आग्रह गरेका छन् । उनले सबै समूहलाई समेटेर अघि बढ्नुपर्ने आवश्यकता रहेको बताएका छन् ।

यसैबीच राप्रपाका प्रवक्ता मोहन श्रेष्ठले राणा पार्टीका महत्त्वपूर्ण र जिम्मेवार नेता भएको उल्लेख गर्दै आन्तरिक असन्तुष्टि संवादमार्फत समाधान हुने अपेक्षा व्यक्त गरेका छन् । उनले पार्टीलाई वैकल्पिक राष्ट्रवादी शक्ति बनाउने प्रयास भइरहेको समयमा विभाजन उपयुक्त बाटो नहुने धारणा राखेका छन् । नेपालको राजनीतिक इतिहासमा राप्रपा बारम्बार विभाजन र एकताको चक्रमा गुज्रिँदै आएको दलका रूपमा चिनिन्छ । पूर्वपञ्चहरूको राजनीतिक संगठनका रूपमा स्थापना भएको यो पार्टी २०४६ सालपछि विभिन्न गुट र समूहमा विभाजित हुँदै पुनः एकीकृत हुँदै आएको इतिहास छ । २०४७ सालमै नेतृत्व विवादका कारण एकै दिन दुई राप्रपा गठन भएको घटनादेखि लिएर पछिल्ला दशकसम्म दर्जनौं पटक फुट र जुटका घटनाहरू दोहोरिएका छन् ।

■■■

## आधारभूत...

उनले खाना पकाउने, पानी तताउने तथा अन्य घरेलु प्रयोजनमा विद्युत्को प्रयोगलाई प्रोत्साहन गर्नुपर्ने बेला सरकारले करको अतिरिक्त भार थपेर उपभोक्तालाई दण्डित गर्ने प्रयास गरेको भन्दै आपत्ति जनाए । मासिक ५० युनिटभन्दा बढी खपत गर्ने अधिकांश ग्राहक सामान्य घरायसी उपभोक्ता भएको र विद्युत्मा कर लगाउने निर्णयले लाखौं परिवारको मासिक खर्च बढाउनेमात्रै नभएर भान्सा अझ महँगो बनाउने भन्दै घिसिङले चिन्ता प्रकट गरेका छन् ।

'देशभित्रै उत्पादित विद्युत्को खपत बढाउन प्रोत्साहनमूलक नीति ल्याउनुपर्नेमा सरकारले उल्टै विद्युत् प्रयोगलाई निरुत्साहित गर्ने कदम चालेको र यसले विद्युतीय चुलोलगायतका उपकरणको प्रयोग घटाएर पुनः एलपी ग्यासतर्फ निर्भरता बढाउन सक्छ, जुन राष्ट्रिय ऊर्जा सुरक्षा, व्यापार घाटा न्यूनीकरण तथा हरित अर्थतन्त्र निर्माणको लक्ष्यसँग मेल खाँदैन,' उनले भने, 'विद्युत् विलासिता होइन, आधारभूत आवश्यकता हो । यसमा कर बढाउनु गरिबको जीवनसँग खेल्नु हो ।' मासिक आम्दानी कम भएका परिवार, साना होटल, किराना पसल, मिल तथा घरेलु उद्योगहरू सरकारको यस्तो निर्णयबाट बढी प्रभावित हुने भएका छन् । उत्पादन लागत बढेपछि महँगी बढ्ने भन्दै उपभोक्ता अधिकारकर्मीहरूले चिन्ता प्रकट गर्न थालेका छन् ।

यसबाहेक शिक्षा क्षेत्रमा पुरानो समता शुल्क वालेन्द्र सरकारले ब्युँताएको छ । सरकारले यसलाई शिक्षा क्षेत्रमा समानता र गुणस्तर सुधारको उपायका रूपमा प्रस्तुत गरे पनि सरोकारवालाहरूले यसले विपन्न परिवारमाथि अतिरिक्त भार पार्ने बताएका छन् । शिक्षाविद् विद्यानाथ कोइरालाका अनुसार निजी शिक्षामा उच्च शुल्कका कारण यसअघि नै गरिब परिवारका विद्यार्थीहरू शिक्षाको पहुँचबाट बाहिरिने जोखिममा छन् । यस्तो अवस्थामा तीन प्रतिशत करले शिक्षा अझ महँगो बन्ने छ ।

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले बजेटलाई निम्नवर्ग उपेक्षित भएको टिप्पणी गरेका छन् । उनका अनुसार, निम्नवर्गलाई उपेक्षित र मध्यमवर्गलाई प्रोत्साहित तुल्याउने सरकारको नीतिले दीर्घकालीन आर्थिक असन्तुलन बढ्न सक्छ । उनले भने, 'किसान, मजदुर, बेरोजगार युवा र सुकुमबासीका लागि ठोस कार्यक्रम देखिँदैन । आधारभूत सेवामा कर बढाउँदा असमानता झनै बढ्छ ।'

विद्युत् र शिक्षा क्षेत्रमा गरिएको शुल्क समायोजनले उत्पादन लागत बढ्ने र त्यसको असर उपभोक्ता मूल्यमा देखिने अर्थशास्त्रीहरूको विश्लेषण छ । विशेषगरी खाद्य पदार्थ, सेवा क्षेत्र र साना उद्योगहरूमा लागत बढ्दा अन्ततः उपभोक्ता मूल्य बढ्ने छ । पहिले नै मुद्रास्फीति दबाबमा रहेको अर्थतन्त्रमा यस्तो नीति थप चुनौतीपूर्ण हुने बताइन्छ । ग्रामीण किसान, दैनिक ज्यालादारी श्रमिक र अनौपचारिक क्षेत्रका कामदारहरूका लागि ठोस राहत कार्यक्रम नआएको भन्दै आलोचना भएको छ ।

■■■

## संघको निर्वाचनलाई...

वार्ताका लागि मन्त्रालयले गुरुङ नेतृत्वको कार्यसमितिलाई औपचारिकरूपमा पत्राचार गरिसकेको पनि भनिएको छ । संघले मन्त्रालयसमक्ष 'फ्रि भिसा, फ्रि टिकट' नीतिको व्यावहारिक पुनरावलोकन, वास्तविक लागतअनुसार शुल्क संरचना निर्धारण, मागपत्र प्रमाणीकरणलगायतका विषयमा धारणा प्रस्तुत गरिरहेको संवेदनशील समयमा केही समूहले मन्त्रालयसँगको वार्तालाई प्रभावित पार्ने प्रयास गर्नु अत्यन्त दुर्भाग्यपूर्ण भएको भनिएको छ । गुरुङले सामाजिक सञ्जालमा फैलाइएका असत्य सामग्री, व्यक्तिगत कुण्ठा र स्वार्थप्रेरित अभिव्यक्तिका आधारमा संस्थाप्रति भ्रमित नहुन अनुरोध समेत गरेका छन् ।

लोकतान्त्रिक एसोसिएसनका अध्यक्ष दीपक थापाले व्यवसायीहरूलाई डर, भ्रम र अफवाहको राजनीतिमा अल्झाएर आफ्नो स्वार्थ पूरा गर्न खोज्नेहरूविरुद्ध सक्रिय, संगठित र आक्रामकरूपमा अगाडि बढ्ने जनाएका छन् । एसोसिएसनले व्यवसायीहरूलाई भ्रामक प्रचारको पछि नलाग्न अनुरोध गरेको छ । 'सामाजिक सञ्जालमा फैलाइएका व्यक्तिगत कुण्ठा र स्वार्थप्रेरित अभिव्यक्तिका आधारमा संस्थाप्रति भ्रमित नहुन अनुरोध गर्दछौं । आधिकारिक निर्णय, वैधानिक प्रक्रिया र संस्थागत मर्यादालाई सम्मान गर्नु प्रत्येक व्यवसायीको दायित्व हो,' विज्ञप्तिमा उल्लेख छ ।

महिला व्यवसायी संघकी कार्यवहाक अध्यक्ष तारा रेग्मीले जारी गरेको विज्ञप्तिमा पनि महिला व्यवसायी संघ गुरुङ नेतृत्वको कार्यसमितिको पक्षमा उभिएको भनिएको छ । व्यवसायीविरोधी गतिविधिविरुद्ध आवश्यक परे कानुनी, संस्थागत तथा नैतिकरूपमा सशक्त प्रतिवाद गरिने पनि भनिएको छ ।

यता असन्तुष्ट पक्ष गठन गरेको प्रबन्ध समितिले यही जेठ २४ गतेलाई घोषणा गरेको निर्वाचनको कार्यतालिका सार्वजनिक गरेर निर्वाचन प्रक्रिया अगाडि बढाइसकेको छ । संघका घटक संस्थाहरू प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल र नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च चुनावको पक्षमा देखिएका छन् । प्रगतिशील मञ्चका अध्यक्ष जनक रावल र गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैसी निर्वाचन गराउन बनेको प्रबन्ध समितिको सल्लाहकारसमेत छन् । नेपाली कांग्रेसको शुभेच्छुक संस्था लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनमा भने निर्वाचनको विषयमा मतभेद देखिन्छ ।

अध्यक्ष गुरुङको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै गत वैशाख १४ मा कार्यसमितिका सात जना पदाधिकारीमध्ये पाँच जना र १० जना सदस्यमध्ये छ जनाले सामूहिक राजीनामा दिएका थिए । संघको विधानको दफा २६ (४) (ख) मा 'कार्यसमितिका दुईतिहाइ पदाधिकारीले सामूहिक राजीनामा दिएमा कार्यसमिति स्वतः विघटन हुने छ र सोही दिन सल्लाहकारहरूको रोहवरमा एक सात सदस्यीय प्रबन्ध समिति खडा गरी प्रबन्ध समितिले २१ दिनभित्र विशेष साधारणसभा बोलाई सोही दिन निर्वाचन सम्पन्न गराउने छ' भन्ने उल्लेख छ ।

विधानको सोही प्रावधानलाई टेकेर असन्तुष्ट पक्षले जिल्ला प्रशासन कार्यालय काठमाडौंसमक्ष निर्वाचनको अनुमति मागेको थियो । प्रशासनले जेठ १२ मा संघलाई पत्र पठाउँदै विधानअनुसार गतिविधि गर्न निर्देशन दिएको थियो । प्रशासनको पत्रमा निर्वाचन गर्नू वा रोक्नू भन्ने प्रस्ट नखुलेका कारण दुवै पक्षले आ-आफ्नो अनुकूलतामा व्याख्या गरेको देखिन्छ ।

■■■

## बजेटमा समेटिएका...

विकासका लागि भिजन-२०४०, कालीगण्डकीमा शालिग्राम पथ निर्माण, नेपाली उडानमा युरोपेली आयोगको कालोसूची हटाउन पहल, कृषि क्षेत्रको पुनरुत्थान, कृषिमा ४० प्रतिशत प्रोत्साहन अनुदान नमूना कार्यक्रम ल्याउने, किसान केन्द्रित प्रणाली सुरु गर्ने अर्थमन्त्रीको घोषणा रहेको छ । यसैगरी, कच्चा काठ बिक्री गर्ने, मोतीपुर र मयुँरपुर औद्योगिक क्षेत्र निजी क्षेत्रबाट सञ्चालन गर्ने, पाँचखाल विशेष आर्थिक क्षेत्रमा महिला उद्यमीलाई थप कर्जा छुट दिने, विशेष आर्थिक प्रशासन केन्द्र, विज्ञान प्रविधिमा पुँजीगत खर्चको एक प्रतिशत बजेट र राष्ट्रिय सम्पत्ति व्यवस्थापन कम्पनी, स्थापनाको प्रस्ताव गरिएको छ ।

सामाजिक सुरक्षा भत्तामा 'सक्नेले छोडौं, नसक्नेले जोडौं' नारा बजेटमा समावेश गरिएको छ भने धुलो र खाल्डोमुक्त काठमाडौंको घोषणा गरिएको छ । बजेटले काठमाडौं तराई-द्रुतमार्ग निर्माणलाई प्राथमिकता दिएको छ । वैदेशिक र गैरआवासीय लगानीका लागि थप प्रोत्साहन गरिएको छ ।

बजेटमा अन्तर्राष्ट्रिय पदक विजेता खेलाडीलाई आजीवन निःशुल्क स्वास्थ्योपचार, सम्पूर्ण शैक्षिक संस्थामा सफा शौचालय अभियान सञ्चालन गर्ने भनिएको छ । मधेस प्रदेशमा मिर्गौला उपचार तथा ट्रमा सेन्टर स्थापना सुरु गर्ने र निःशुल्क वितरण गरिने २५ प्रकारका औषधि नेपाल औषधि लिमिटेडमार्फत उत्पादन गरिने घोषणा गरिएको छ ।

बजेटमा 'एक नागरिकः एक डिजिटल प्रोफाइल', दलित केन्द्रित लगानी बढाउने, दलित बालबालिकाका लागि बालपोषण भत्ता दोब्बर बनाउने, विभेद अन्त्यका लागि राष्ट्रिय अभियान सञ्चालन गरिने भनिएको छ । जेन-जी आन्दोलनका घाइतेको निःशुल्क उपचार, आवश्यकताअनुसार मासिक भत्ता र उद्यमशीलता कार्यक्रम बजेटमा समवेश भएको छ । रासायनिक मल खरिदका रकम वृद्धि गरी आपूर्ति व्यवस्थापन सहज गर्ने र मध्यमधेसमा चतुर्भुज विकास कार्यक्रम, भूमिहीन सुकुमबासीको व्यवस्थापन आगामी आवभित्रै गरिने कार्यक्रम बजेटमा समावेश छ ।

सुदूरपश्चिमका उच्च पहाडी क्षेत्रमा 'डाँफे रुट', मुलुकभरका नयाँ हिमालको नामकरण गरी आरोहणका लागि बजारीकरण गर्ने, सीप सिकेरमात्र वैदेशिक रोजगारीमा पठाउने, खानीसम्बन्धी अनुमतिपत्र पुनरावलोकन, सौम्य शक्ति विस्तार र 'डायस्पोरा'लाई आर्थिक वृद्धिका लागि परिचालन गर्ने, समस्याग्रस्त सहकारीको बचत फिर्तालाई निरन्तरता र स्वार्थको द्वन्द्वसम्बन्धी कानुन बनाउने घोषणा बजेटमा गरिएको छ । सरकारी कार्यालयमा 'डिजिटल टाइम कार्ड' लागू गर्ने, संवैधानिक निकायको क्षमता विकास र राष्ट्रसेवक कर्मचारीको विद्यमान तलबमानमा २१ प्रतिशतसम्म वृद्धिको घोषणा गरिएको छ ।

अर्थमन्त्री वाग्लेले प्रस्तुत बजेटलाई राज्य सञ्चालनको नयाँ सोच र संकल्प, आर्थिक रूपान्तरणको स्पष्ट मार्गचित्र र नागरिकसँग गरिएको राजनीतिक करार कार्यान्वयनको प्रारम्भ बिन्दु भएको बताएका छन् । बजेटमार्फत राजकाजमा थिति बसाल्ने, निजी क्षेत्रको आत्मविश्वास पुनःस्थापित गर्ने, सार्वजनिक सेवा प्रवाह संयन्त्रलाई प्रविधिअनुकूल र जवाफदेशी बनाउने तथा उत्पादन, नवप्रवर्तन र उद्यमशीलतामा आधारित नयाँ आर्थिक सूचक्र प्रारम्भ गर्ने आधार तयार गरिएको उनको दाबी छ ।

# पर्साको ठोरीमा १९१ मिलिमिटर वर्षा

**काठमाडौं-** पछिल्लो दुई दिनदेखि मौसममा थप बदली भई ठाउँठाउँमा भारी वर्षा भइरहेको छ । देशभर नै बदली भएकाले तापक्रम शनिबार उल्लेख्य रूपमा घटेको छ ।

जल तथा मौसम विज्ञान विभागले शनिबार दिएको जानकारीअनुसार गएको २४ घण्टामा पर्सा जिल्लाको ठोरीमा १९१.२ मिलिमिटर वर्षा भएको छ । यो धेरै भारी वर्षा नजिक हो ।

अन्य केही जिल्लामा मकवानपुरको भोर्लेनी, गढी र रजैयामा पनि भारी वर्षा (५० मिमिभन्दा माथि) भएको छ । यस्तै बाँकेमा पनि ४८ मिलिमिटर (भारी नजिक) पानी परेको छ ।

पछिल्लो एक घण्टामा कञ्चनपुर, डोटी, नवलपरासी सुस्तापश्चिम र रूपन्देहीमा पनि वर्षा भएको छ । मौसमविद् सरोज पुडासैनीले तराईमा मंगलबारसम्मै बदली रहने हुनाले गर्मी घट्ने जानकारी दिए । उनले केही ठाउँमा भारीसम्मै वर्षा हुने पनि जानकारी दिएका छन् ।

यो समय प्रि-मनसुन भएकाले हावाहुरी चट्याङ पनि हुने भएकाले सावधानी अपनाउन उनले अनुरोध गरेका छन् । विभागमा प्राप्त अभिलेखअनुसार शनिबार नेपालमा तापक्रम ३६ डिग्रीभन्दा तलै रहेको थियो । विभागका अनुसार शनिबार सबैभन्दा बढी धनगढीमा ३५.८ डिग्री तापक्रम रेकर्ड भएको थियो ।

चन्द्रगढी विमानस्थलमा ३४.४, जनकपुरमा ३३, धरानमा ३३.७, विराटनगरमा ३३.२, भैरहवामा ३४ र नेपालगञ्जमा ३३.९ डिग्री तापक्रम पुगेको थियो । काठमाडौंमा शनिबार अधिकतम तापक्रम २५.३ डिग्री रहेको थियो । यसअघि यो वर्ष काठमाडौंमा ३० डिग्री पुगेको थियो भने नेपालगञ्जलगायत केही जिल्लामा ४१ डिग्रीमाथि तापक्रम पुगेको थियो । *रासस*


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना !**

***दोस्रो पटक प्रकाशित मिति : २०८३/०२/१७ गते***

यस कम्पनीको मिति २०८३/०२/०५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी सि.जि.रेमिट प्रा.लि.को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **एन.आर.एन.रेमिट प्रा. लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०२/१२ गतेको निर्णयअनुसार नाम परिवर्तन गरी **एन. आर. एन. रेमिट प्रा. लि. (पान नं. ३०२९७८७७९) (दर्ता नं. ४४९७०/०६३/०६४** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

आइतबार, १७ जेठ, २०८३

**मेष** नयाँ कामको अवसर मिल्न सक्छ । परिवारसँग रमाइलो समय बित्नेछ ।

**वृष** कार्य क्षेत्रमा प्रशंसा मिल्ने दिन छ । रोकिएका काम अघि बढ्नेछन् ।

**मिथुन** आज यात्रा वा नयाँ भेटघाटको सम्भावना छ । बोलीमा संयम राख्नु राम्रो ।

**कर्कट** मन अलि संवेदनशील बन्न सक्छ । आर्थिक पक्ष भने क्रमशः सुधार हुँदै जानेछ ।

**सिंह** नेतृत्व क्षमता देखाउने अवसर मिल्नेछ । सामाजिक क्षेत्रमा सम्मान बढ्नेछ ।

**कन्या** कामको चाप बढे पनि परिणाम राम्रो आउनेछ । आफन्तसँगको सम्बन्ध सुदृढ बन्नेछ ।

**तुला** नयाँ योजना सफल हुने संकेत छ । रमाइलो यात्राको योग छ ।

**वृश्चिक** विवादबाट टाढा रहनु राम्रो । मेहनत अनुसार उपलब्धि प्राप्त हुनेछ ।

**धनु** भाग्यले साथ दिने दिन छ । शिक्षाक्षेत्र तथा वैदेशिक काममा सफलता मिल्न सक्छ ।

**मकर** आर्थिक लाभको सम्भावना छ । पुराना समस्या समाधान हुन सक्छन् ।

**कुम्भ** आज सिर्जनात्मक काममा सफलता मिल्नेछ । साथीभाइसँग भेटघाट रमाइलो हुनेछ ।

**मीन** धार्मिक तथा सामाजिक कार्यमा रुचि बढ्नेछ । नयाँ अवसर प्राप्त हुन सक्छ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१७ जेठ, २०८३ (३१ मे २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५२.८१ | १५३.४१ |
| युरो | १ को | १७७.८४ | १७८.५४ |
| पाउन्ड स्टिर्लङ | १ को | २०५.३२ | २०६.१२ |
| स्विस फ्रैन्क | १ को | १९४.३२ | १९५.०८ |
| अस्ट्रेलियन डलर | १ को | १०८.९७ | १०९.४० |
| क्यानाडियन डलर | १ को | ११०.४२ | ११०.८६ |
| सिङगापुर डलर | १ को | ११९.६० | १२०.०७ |
| जापानी येन | १० को | ९.५९ | ९.६२ |
| चिनियाँ युआन | १ को | २२.५३ | २२.६२ |
| साउदी अरब रियाल | १ को | ४०.७२ | ४०.८८ |
| कतारी रियाल | १ को | ४१.९४ | ४२.१० |
| थाई भाट | ख १ को | ४.६९ | ४.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.६१ | ४१.७७ |
| मलेसियन रिङेट | १ को | ३८.५४ | ३८.६९ |
| दक्षिण कोरियन वन | १०० को | १०.२० | १०.२४ |
| स्विडिस क्रोनर | १ को | १६.४९ | १६.५५ |
| डेनिस क्रोनर | १ को | २३.८० | २३.८९ |
| हङकङ डलर | १ को | १९.५१ | १९.५८ |
| कुवेती दिनार | १ को | ४९८.२४ | ५००.२० |
| बहराइन दिनार | १ को | ४०५.३३ | ४०६.९२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।



थारू नृत्य | नेपाली कांग्रेस केन्द्रीय कार्यालय सानेपामा शनिबार आयोजित नेपाल थारू संघको प्रथम महाधिवेशन उद्घाटन समारोहमा थारू नृत्य प्रस्तुत गर्दै कलाकार । *तस्बिरः रासस*

# ‘निर्णय प्रक्रियामा महिलाको समान पहुँच सुनिश्चित गर्न सहकार्य अपरिहार्य’

■ प्रभाव संवाददाता



**काठमाडौं–** महिला, बालबालिका तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादीले लोकतन्त्र, सामाजिक न्याय, मानवअधिकार तथा राष्ट्रिय स्वाधीनताको आन्दोलनमा नेपाली महिलाले पुऱ्याएको योगदान गौरवपूर्ण रहेको बताएकी छन् ।

आठौं राष्ट्रिय महिला अधिकार दिवसका अवसरमा शनिबार आयोजित कार्यक्रममा उनले नेपालको संविधानले सुनिश्चित गरेका महिला अधिकार तिनै ऐतिहासिक संघर्ष, त्याग र योगदानको उपलब्धि भएका बताइन् ।

‘आमाबुवाको नामबाट नागरिकता प्राप्त गर्ने, राज्यका सबै निकायमा कम्तीमा एकतिहाइ महिला सहभागिता सुनिश्चित र विभेदकारी कानुनहरूको खारेजी तथा महिलाहरूमाथि हुने हिंसाको अन्त्य गर्ने ऐतिहासिक संकल्प महिलाको अधिकार स्थापनाको आधार हो,’ मन्त्री बादीले भनिन् ।

सरकारले महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तीकरणलाई उच्च प्राथमिकतामा राख्दै शिक्षा, स्वास्थ्य, रोजगार, उद्यमशीलता, सामाजिक सुरक्षा तथा जीविकोपार्जन सुधारका कार्यक्रम अघि बढाएको उनको भनाइ छ । ‘राज्यले अवलम्बन गरेका नीतिगत, कानुनी तथा संरचनागत सुधारका सकारात्मक परिणामस्वरूप आज राजनीतिक, प्रशासनिक तथा सामाजिक क्षेत्रमा महिलाको सहभागिता उल्लेखनीयरूपमा वृद्धि भएको छ,’ मन्त्री बादीले भनिन् । उनले मौजुदा मन्त्रिपरिषद्मा महिला सहभागिता ३७.५ प्रतिशत पुगेको सुनाइन् ।

लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको पहिचानसहित सम्मानित र मर्यादित जीवनयापन सुनिश्चित गर्नेगरी मन्त्रालयको नामसमेत समावेशी बनाइएको उनले स्पष्ट पारिन् । ‘दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, थारुलगायत सीमान्तकृत तथा अति सीमान्तकृत समुदायको विषयमा पनि यस मन्त्रालयले नीति तथा कानुन निर्माणदेखि कार्यक्रम कार्यान्वयनसम्म प्रभावकारी समन्वय गरिरहेको छ,’ बादीले भनिन् ।

महिलाको क्षमता, सीप, श्रम र सृजनशीलतालाई राष्ट्रिय विकासको मूल प्रवाहमा ल्याउन तथा निर्णय प्रक्रियामा समान पहुँच सुनिश्चित गर्न तीनै तहका सरकार, निजी क्षेत्र, नागरिक समाज र समुदायबीच प्रभावकारी सहकार्य अपरिहार्य रहेकोमा उनले जोड दिइन् ।

राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले महिला अधिकारको सम्मान र सफल कार्यान्वयनविना मानवअधिकार सबल बन्न नसक्ने बताए । ‘मानवअधिकार सुदृढ भएको समाजमात्रै महिला अधिकारको अवस्था सबल बन्न सक्दछ,’ उनले भने, ‘मानवअधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुदृढ गर्ने संवैधानिक दायित्व पूरा गर्न आयोग कटिबद्ध छ ।’

राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमला पराजुलीले संवैधानिक तथा राजनीतिकरूपमा महिलाले प्राप्त अधिकारको कार्यान्वयनमा देखिएको समस्या अहिलेको प्रमुख चुनौती भएको बताइन् ।

महिला मन्त्रालयकी सचिव राधिका अर्यालले महिलाको जीवनमा अझै सकारात्मक परिवर्तनको अनुभूति ल्याउन थप प्रयास तथा लगानी बढाउनुपर्ने आवश्यकता औंल्याइन् । ‘महिलाको आर्थिक सशक्तीकरण र आत्मनिर्भरताको माध्यमबाट मात्रै लैंगिक समानताको लक्ष्यमा गुणात्मक उपलब्धि हासिल गर्न सकिन्छ,’ उनले भनिन् ।

२०६३ जेठ १६ गते तत्कालीन पुनःस्थापित प्रतिनिधिसभाबाट महिलाको अधिकार सुनिश्चित गर्ने चार बुँदे प्रस्ताव पारित भएको दिनको स्मरण गर्दै हरेक वर्ष यसै दिन राष्ट्रिय महिला अधिकार दिवस मनाइँदै आइएको छ । यस वर्षका लागि ‘समानता, सम्मान, आत्मनिर्भरता र समृद्धिको अभियान’ नारा तय गरिएको थियो । कार्यक्रममा देशभरका महिला उद्यमीमध्येबाट उत्कृष्ट छनोट भएका महिला उद्यमीहरूलाई सम्मानसहित पुरस्कृत गरिएको थियो ।

# ललितपुरको पत्रकारिता इतिहास पुस्तकमा

■ प्रभाव संवाददाता



**ललितपुर–** नेपाल पत्रकार महासंघ ललितपुर शाखाले प्रकाशन गरेको ‘ललितपुरको पत्रकारिता इतिहास’ पुस्तक शनिबार सार्वजनिक गरिएको छ । शाखाको २५औं वार्षिक साधारणसभाका अवसरमा आयोजित कार्यक्रममा पूर्वप्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले पुस्तक सार्वजनिक गरेका हुन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै राउतले पुस्तकलाई ललितपुरको पत्रकारिता क्षेत्रको महत्त्वपूर्ण दस्तावेजको रूपमा व्याख्या गरे । लोकतान्त्रिक व्यवस्थामा पत्रकारले वाक तथा अभिव्यक्ति स्वतन्त्रताको प्रयोग गर्दै नागरिकको नैसर्गिक अधिकारको संरक्षणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने उनले बताए ।

सोही अवसरमा पत्रकारिता क्षेत्रमा योगदान पुऱ्याएका सात जना पत्रकारलाई विभिन्न पुरस्कारबाट सम्मान गरिएको थियो । राजधानी दैनिकका डिल्ली आचार्य र रातोपाटीका नरेश ज्ञवालीलाई हीरा-सिद्धि क्रियाशील पत्रकारिता पुरस्कार प्रदान गरिएको शाखाका अध्यक्ष रामहरि कार्कीले जानकारी दिए ।

त्यसैगरी, नयाँसडक दैनिकका ज्ञानप्रसाद पौडेललाई धर्मरत्न शाक्य जीवन्त पत्रकारिता पुरस्कार तथा नेपालखबरका जनार्दन पोखरेललाई राधा-लक्ष्मण क्रियाशील पत्रकारिता पुरस्कार प्रदान गरिएको छ । दियोपोस्टकी रीता बुढाथोकीलाई क्यान्सर रोगसम्बन्धी सचेतनामूलक पत्रकारितामा योगदान पुऱ्याएको भन्दै सम्राट आचार्य स्मृति पत्रकारिता पुरस्कार प्रदान गरियो । त्यसैगरी, नेपाल टेलिभिजनका ईश्वर महर्जन र मिडियासञ्चार डटकमका केदारनाथ दाहाललाई ललितपुर पत्रकारिता पुरस्कारबाट सम्मान गरिएको अध्यक्ष कार्कीले बताए । उनले आगामी वर्षदेखि ललितपुरको पत्रकारितासम्बन्धी अनुसन्धानलाई प्रोत्साहन गर्ने उद्देश्यले एक जना महिला र एक जना पुरुष पत्रकारलाई शोधपत्र लेखनका लागि छात्रवृत्ति प्रदान गर्ने घोषणासमेत गरे ।

# हिमालयमा जलवायु परिवर्तनका प्रभावबारे ब्रसेल्समा संवाद




**काठमाडौं–** सगरमाथा दिवसको अवसर पारेर बेल्जियमस्थित नेपाली राजदूतावासले शुक्रबार युरोपेली बाह्य कार्य सेवा (इइएएस) मा ‘जलवायु परिवर्तन र यसको हिमालयमा प्रभाव’ विषयमा अन्तर्राष्ट्रिय संवाद कार्यक्रम आयोजना गरेको छ ।

संवादमा बेल्जियममा कार्यरत विभिन्न देशका राजदूत, नियोग प्रमुख, कूटनीतिज्ञ, नेपाल, बेल्जियम तथा युरोपेली संघ (इयू) का सरकारी अधिकारी, जलवायु वैज्ञानिक, प्राज्ञ, विद्यार्थी तथा अन्तर्राष्ट्रिय संगठनका प्रतिनिधिको सहभागिता रहेको थियो । कार्यक्रममा जलवायु परिवर्तनका कारण हिमाली राष्ट्रहरूले भोगिरहेका चुनौतीबारे विशेष छलफल गरिएको थियो ।

नेपालका परराष्ट्रमन्त्री शिशिर खनालले भिडियो सन्देशमार्फत सगरमाथा दिवसको शुभकामना व्यक्त गर्दै जलवायु परिवर्तनको मुख्य असर खेपिरहेका संवेदनशील हिमाली पारिस्थितिक प्रणालीको संरक्षण सबैको साझा जिम्मेवारी भएको बताए । उनले यस क्षेत्रमा नेपालको प्रतिबद्धता र नेतृत्वदायी भूमिकालाई पुनः दोहोऱ्याएको उक्त दूतावासले जनाएको छ ।

युरोपेली संघका लागि नेपालकी राजदूत सेवा लम्सालले जलवायु परिवर्तनका कारण नेपालले सामना गरिरहेका चुनौतीबारे प्रकाश पार्दै राष्ट्रिय अनुकूलन योजनाको प्रभावकारी कार्यान्वयनका लागि पर्याप्त वित्तीय लगानी आवश्यक रहेको बताइन् । उनले वैज्ञानिक प्रमाणका आधारमा अन्तर्राष्ट्रिय समुदायले आफ्ना प्रतिबद्धता पूरा गर्न तथा जलवायु न्यायसम्बन्धी अन्तर्राष्ट्रिय अदालत (आइसिजे) को सुझाव पालन गर्न आग्रह गरिन् ।

वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख महेश्वर ढकालले ‘जलवायु सहनशील नेपालका लागि जलवायु वित्त’ विषयमा कार्यपत्र प्रस्तुत गर्दै नेपालले समुदायमा आधारित अनुकूलन, नवीकरणीय ऊर्जाको विस्तार, वन संरक्षण तथा राष्ट्रिय निर्धारित योगदान (एनडिसी) कार्यान्वयनमा प्रगति गरिरहेको उल्लेख गरे । उनले विश्वव्यापी जलवायु वित्त प्रणालीमा उच्च कारोबार लागत, सीमित पहुँच र क्षमता अभावजस्ता संरचनागत समस्या रहेको धारणा व्यक्त गरे ।

इइएएसका जलवायु तथा वातावरणसम्बन्धी विशेष दूत एन्थोनी अगोथाले जलवायु मुद्दामा नेपालको कूटनीतिक पहलको प्रशंसा गर्दै जलवायु संकटको अग्रपंक्तिमा रहेका संवेदनशील राष्ट्रहरूसँगको साझेदारीमा युरोपेली संघ विश्वसनीय साझेदारका रूपमा रहने विश्वास व्यक्त गरे ।

बेल्जियमको संघीय जलवायु परिवर्तन विभागअन्तर्गत संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन महासन्धि (युएनएफसिसिसी) का लागि बेल्जियन प्रतिनिधिमण्डलका प्रमुख पिटर विट्टोकले पर्वतीय पारिस्थितिक प्रणालीको संवेदनशीलताबारे चर्चा गर्दै अल्पविकसित राष्ट्रहरूले भोगिरहेका जलवायु प्रभाव न्यूनीकरणका लागि बेल्जियमको अन्तर्राष्ट्रिय सहकार्य जारी रहने बताए । संयुक्त राष्ट्रसंघ ब्रसेल्सकी निर्देशक क्यामिला ब्रुक्नरले हिमालयलाई विश्वको सार्वजनिक धरोहरका रूपमा वर्णन गर्दै जलवायु कार्यका लागि परियोजनामुखीभन्दा प्रणालीगत र सहकार्यमा आधारित दृष्टिकोण आवश्यक रहेको बताइन् ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)का महानिर्देशक पेमा ग्याम्त्सोले भिडियो सन्देशमार्फत हिन्दूकुश-हिमालय क्षेत्रलाई विश्वको ‘तेस्रो ध्रुव’का रूपमा उल्लेख गर्दै यस क्षेत्रले आठ देशका करिब दुई अर्ब मानिसलाई स्वच्छ पानी र महत्त्वपूर्ण पारिस्थितिकीय सेवा प्रदान गरिरहेको तथा यसको संरक्षणका लागि सामूहिक प्रयास आवश्यक रहेको बताए । *रासस*

# ‘शेर्पा-हिमालका सच्चा साहसी’ पुस्तक सार्वजनिक



**काठमाडौं (प्रस)–** हिमाल आरोहणमा शेर्पा समुदायले पुऱ्याएको योगदानमा आधारित पुस्तक ‘शेर्पा-हिमालका सच्चा साहसी’ पुस्तकको नेपाली संस्करण शनिबार सार्वजनिक गरिएको छ । भारतीय लेखक उमेश झिरपेद्वारा लिखित पुस्तकमा शेर्पा समुदायको इतिहास र जीवनशैलीका विषयमा उल्लेख छ ।

त्यस अवसरमा पर्वतारोही एवं प्रतिनिधिसभा सदस्य मिङ्माडेभिड शेर्पाले शेर्पा समुदायले हिमाल आरोहणमा महत्त्वपूर्ण योगदान गरेर नेपाललाई विश्वभर चिनाएको बताए । उनले भने, ‘पुस्तकले हिमाल आरोहणको इतिहासमा शेर्पाहरूलाई केवल सहयोगी वा भारियाका रूपमामात्र हेर्ने संकुचित दृष्टिकोणलाई चिर्दै उनीहरूको साहस, कोमल हृदय र समाजप्रतिको निष्ठालाई उजिल्याएको छ ।’

नेपाल पर्वतारोहण संघका पूर्वअध्यक्ष आङछिरिङ शेर्पाले इतिहासदेखि हिमालसँग जोडिएका शेर्पा समुदायले हिमालसँगै नेपाललाई विश्वभर चिनाएको बताए । उनले भने, ‘हिमालसँग जोडिएका शेर्पा समुदायले नेपालको पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान गर्दै आएका छन् ।’

नेपाल शेर्पा संघका महासचिव लाक्पा शेर्पाले कुनै पनि समुदायको विषय संवेदनशील हुने भएकाले इतिहास र तथ्यका आधार बनाउनुपर्नेमा जोड दिए ।

पुस्तक लेखक झिरपेले मराठी भाषामा चार वर्ष पहिले लेखिएको पुस्तकलाई अंग्रेजी र नेपाली भाषामा पनि प्रकाशन गरिएको बताए । उनले शेर्पा हिमालको ‘लाइफ लाइन’ भएको उल्लेख गर्दै पर्वतारोहणमा उनीहरूको योगदान सराहनीय भएको उल्लेख गरे ।

पुस्तकका अनुवादक एवं सम्पादक पत्रकार कुम्भराज राईले हिमाल र शेर्पा एकअर्काका पर्याय भएको उल्लेख गर्दै पर्यटन प्रवर्द्धन र हिमाल आरोहणमार्फत शेर्पा समुदायले नेपाललाई विश्वभर चिनाएको बताए । पुस्तकमा हिमाल आरोहणमा अग्रणी भूमिका निर्वाह गर्ने वाङ्छु, सोनाम, लाक्पानोर्बु, कामीरिता, माया, साङ्गे, लाक्पाफुटी, पासाङकामी, पेम्बाग्याल्जेन, लाम्पासोनाम, फिञ्जु र पासाङ शेर्पाका बारेमा लेखिएको छ ।

यसैगरी वर्तमान युगमा शेर्पा समुदायप्रतिको वैश्विक दृष्टिकोण र पर्वतारोहण, उनीहरूको सामाजिक, आर्थिक र राजनीतिक एवं वातावरणीय दृष्टिकोणबारे पुस्तकमा उल्लेख गरिएको छ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# महत्वाकांक्षाको उडान, भुइँमान्छेको भार

जेन-जी विद्रोह र वैकल्पिक राजनीतिको जगमा उदायको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकारले मुलुकको इतिहासकै ठूलो २१ खर्ब २४ अर्ब ३४ करोड रूैयाँको बजेट सार्वजनिक गरेको छ । आर्थिक रूपान्तरण र संरचनागत सुधारमा 'ब्रेक थ्रु' गर्ने घोषणा गरेको सरकारले बजेटको परम्परागत संरचनालाई नै निरन्तरता दिएको छ । यद्यपि, परम्परागत नीतिगत जडतालाई तोड्दै अर्थतन्त्रलाई प्रविधिमैत्री बनाउने, नवप्रवर्तनलाई प्रोत्साहन गर्ने र सार्वजनिक खर्च कटौतीका लागि ३१ वटा सरकारी निकाय खारेज गर्नेसम्मका साहसिक कदम बजेटमा समेटिएका छन् । व्यक्तिगत आयकरको सीमा १० लाख रूैयाँ पुर्‍याएर र उद्योग अनुकूल भन्सार दर परिमार्जन गरेर बजेटले निजी क्षेत्र र मध्यमवर्गलाई तत्कालीन राहत दिएको भान त गराउँछ, तर यसका अन्तर्निहित कतिपय विरोधाभासी व्यवस्थाहरूले आमनागरिकको दैनिक जीवनलाई थप चुनौतीपूर्ण बनाउने निश्चित छ ।

बजेटले आमनागरिकको ढाड सेक्ने पहिलो कडीका रूपमा कर्मचारीको तलब वृद्धि र त्यसले बजारमा निम्त्याउने स्वचालित महँगीलाई लिन सकिन्छ । विगत चार वर्षदेखि तलब वृद्धि नभएको र १७.३ प्रतिशतको मूल्यवृद्धिलाई सन्तुलनमा ल्याउन कर्मचारीको पारिश्रमिकमा २१ प्रतिशतसम्मको वृद्धि आवश्यक थियो भन्ने तर्क एकातिर जायज देखिएला । तर, नेपालको बजार प्रवृत्तिको तीतो यथार्थ के हो भने सरकारी कर्मचारीको तलब थोरैमात्र बढ्दा पनि बजारका व्यापारीले त्यसकै बहानामा खाद्यान्न, लत्ताकपडा र यातायातलगायत सम्पूर्ण उपभोग्य वस्तुको मूल्य दोब्बरले बढाइदिन्छन् । देशका सीमित लाखौं कर्मचारीको क्रयशक्ति सुधार्न चालिएको यो कदमले बाँकी करोडौं सर्वसाधारण नागरिकलाई बजारको अनियन्त्रित महँगीको चक्रव्यूहमा धकेल्ने जोखिम अत्यन्त उच्च छ । यसले मूल्यभित्र छ प्रतिशतभित्र सीमित राख्ने अर्थमन्त्रीको लक्ष्यलाई पहिलो गाँसमै ढुंगा लगाउने छ ।

अर्कोतर्फ, बजेटले पर्यावरण अनुकूल र स्वच्छ ऊर्जाको वकालत गरे पनि व्यवहारमा उपभोक्तालाई निरुत्साहित गर्ने नीति लिएको छ । मासिक ५० युनिटभन्दा बढी विद्युत् खपत गर्ने उपभोक्तामाथि पाँच प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) लगाउने व्यवस्था जनहितविपरीत देखिन्छ । सरकार एकातिर ग्यास विस्थापन गरी विद्युतीय चुल्हो (इन्डक्सन) प्रयोग गर्न र स्वदेशी बिजुली खपत बढाउन आग्रह गर्छ, अर्कातिर एउटा सामान्य मध्यमवर्गीय परिवारले इन्डक्सन र फ्रिज चलाउँदा सहजै काट्ने ५० युनिटको थ्रेसहोल्डमा करको भार थपिदिन्छ । यो व्यवस्थाले नागरिकको गोजीमात्र रित्याउँदैन, बरु ऊर्जा आत्मनिर्भरताको राष्ट्रिय संकल्पलाई समेत गिज्याउँछ ।

अर्को, शिक्षा र स्वास्थ्यजस्ता राज्यको मौलिक हकभित्र पर्ने आधारभूत क्षेत्रमा कर लगाइएको छ । सरकारी विद्यालय र अस्पतालको दयनीय अवस्थाका कारण बहुसंख्यक मध्यमवर्ग निजी क्षेत्रमा आश्रित हुन बाध्य छन् । यस्तो अवस्थामा निजी विद्यालयले लिने विद्यार्थी शुल्क र निजी अस्पतालमा उपचार गराउँदा तीन प्रतिशत 'समता शुल्क' (कर) लगाउने नीतिले नागरिकको मौलिक अधिकारमाथि नै प्रहार गरेको छ । शिक्षा र स्वास्थ्यलाई व्यापारिक वस्तुसरह करको दायरामा ल्याउँदा अन्ततः यसको सतप्रतिशत भार विद्यार्थीका अभिभावक र बिरामी जनताकै थाप्लोमा जाने हो । राज्यले आफ्ना नागरिकलाई निःशुल्क वा सुलभ शिक्षा र स्वास्थ्य दिन नसक्ने, अनि निजीको शरणमा परेका बिरामी र विद्यार्थीबाट उल्टै कर असुल्ने नीति कुनै पनि कल्याणकारी राज्यको चरित्र हुन सक्दैन ।

प्रस्तुत बजेट सैद्धान्तिकरूपमा आकर्षक, 'डिजिटल' र कर्पोरेट अनुकूल देखिए पनि यसले भुइँमान्छेको दैनिक सास्तीलाई नजरअन्दाज गरेको छ । मध्यमवर्गलाई एकातिर आयकरको सीमा बढाएर खुसी पार्न खोजेजस्तो गर्ने, तर अर्कोतिर बिजुली, शिक्षा, स्वास्थ्य र बजारको महँगीमार्फत दोब्बर रकम असुल्ने सरकारको यो 'एक हातले दिने र अर्को हातले खोस्ने' नीति न्यायसंगत छैन । यदि सरकारले यसका अव्यावहारिक करका दरहरू परिमार्जन गरेर बजारको कठोर अनुगमन गर्न सकेन भने, यो बजेट इतिहासकै ठूलो मात्र होइन, इतिहासकै महँगो र प्रत्युत्पादक सावित हुने छ ।

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

# सगरमाथामा आरोहण व्यवस्थापनका चुनौती



❑ कुम्भराज राई

"केही वर्षअघि प्रसिद्ध इटालियन आरोही रेनहोल्ड मेस्नरले सगरमाथालाई केही समय आराम दिनुपर्छ भनेका थिए । निश्चित आरोहण अनुमति, आरोहणका लागि योग्यतामा कडाइ र केही वर्ष आरोहण नै बन्द गरी सगरमाथाको पारिस्थितिक प्रणालीलाई पूर्ववत् अवस्थामा ल्याएपछि मात्र आरोहण खोल्ने गर्नुपर्छ भन्ने मेस्नरको तर्क थियो । सगरमाथामा बढ्दो मानवजन्य क्रियाकलापले देखिएको प्रदूषणलाई नियन्त्रण गर्न पनि कतिपय नेपालीलेसमेत यो मुद्दालाई बहसमा ल्याउने गरेका छन् तर यो विषय सडकदेखि सदनसम्म बहस हुनुपर्ने विषय अवश्य हो ।"

पछिल्ला हरेक वर्ष वसन्तु ऋतुको सुरुआतसँगै सगरमाथा आरोहणका तस्बिर र भिडियोले सामाजिक सञ्जाल रंगिने गरेका छन् । केही वर्षयता सगरमाथा आरोहण मार्गमा हुने 'ट्राफिक जाम'का कारण आरोहीको ज्यान जाने गरेको विषयमा राष्ट्रिय अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा चर्चा र बहस हुने गरेको छ । यस वर्ष पनि सगरमाथा आरोहणमार्गमा पर्ने खुम्बु आइसफलको बाटो खोल्न गत वर्षको तुलनामा धेरै समय लाग्दा बाटो खुल्नेबित्तिकै सगरमाथाको मृत्यु क्षेत्र (डेथ जोन) मानिने आठ हजार मिटर माथि मानव लस्कर देखियो । आरोहणका लागि प्राप्त छोटो अवधिमा शिखर चुम्नैपर्ने बाध्यताले पनि आरोहीको भीड लाग्नु स्वाभाविक थियो । यद्यपि ट्राफिक जामकै कारण धेरै दुःखद् घटनाका खबर भने खासै सुन्नु परेन तर यसरी मानव लस्कर देखिनु सुखद पक्ष भने अवश्य हैन । यो भीडलाई कुनै न कुनै रूपले व्यवस्थापन गर्न जरुरी छ ।

सगरमाथा आरोहणको प्रारम्भ नै शक्तिशाली राष्ट्रहरूबीचको साहस र प्रतिष्ठाको प्रतिस्पर्धाका रूपमा सुरु भएको थियो । आजभन्दा १२५ वर्ष पहिले नै प्रतिस्पर्धा सतहमा देखिएको थियो । संयुक्त अधिराज्य बेलायतले सगरमाथा शिखरमा बेलायती पाइला पुर्‍याउन आफ्नो सम्पूर्ण शक्ति खर्चेको थियो । सन् १९२१, १९२२ र १९२४ को तीनवटा आरोहण अभियान असफल भए पनि बेलायतलगायतका समृद्ध मुलुकहरूले प्रतिस्पर्धा जारी राखेका थिए । सन् १९५३ मे २९ का दिन न्युजिल्याण्डका सर एडमण्ड हिलारी र नेपालका तेन्जिङ नोर्गे शेर्पाले पहिलोपटक सगरमाथामा पाइला टेक्दा पनि आरोहण अभियानको नेतृत्व बेलायती समूहले नै गरेको थियो ।

बितेको एक शताब्दीमा सगरमाथा आरोहणका विविध पाटा र पक्षहरू परिवर्तन भए । सबैभन्दा बढी त प्रविधिका कारण सगरमाथा आरोहणमा प्रयोग हुने उपकरणमा व्यापक परिवर्तन भयो । सगरमाथाको पहिलो सफल आरोहण दलका सदस्य स्व. कान्छा शेर्पाले उक्त आरोहणका बेला नाम्चेबाट सल्लाका रुख काटेर लगी खुम्बु आइसफलमा भर्‍याङ निर्माण गरिएको प्रसंग केही वर्षअघि लेखकलाई सुनाएका थिए । 'आल्मुनियम'का हल्का भर्‍याङ र डोरीले काठे भर्‍याङ विस्थापन गरेको धेरै वर्ष बितिसकेको छ । हालै ३२ पटक सगरमाथा आरोहण गरेर फर्किएका विश्व कीर्तिमानी आरोही कामीरिता शेर्पाले भनेझैँ सगरमाथा अब साहसिकभन्दा पनि 'लक्जरिअस' (सुविधायुक्त) हुन थाल्यो । यसको अर्थ सगरमाथा आरोहण अति सरल भएको भन्ने हैन । यो सुविधायुक्त आरोहण प्रयासले झनै दुर्घटना बढाउने जोखिम बढेको छ ।

वसन्त ऋतुमा सगरमाथा आरोहणका लागि अनुमति लिन सरकारले विदेशी आरोहीका लागि प्रतिआरोही रोयल्टी रकम गत वर्षको तुलनामा चार हजार डलर (नेपाली छ लाख रूैयाँभन्दा बढी) वृद्धि गरी जम्मा १५ हजार डलर (करिब २२ लाख ८४ हजार नेपाली रूैयाँ) पुर्‍याउँदासमेत आरोहीको संख्या घट्नुको साटो झनै बढेको छ । यो तथ्यांकले के पुष्टि गर्छ भने सगरमाथा आरोहणप्रतिको आकर्षण बढ्दो छ । तर, के रोयल्टी बढाउँदैमा सगरमाथा आरोहणलाई व्यवस्थित तथा नियन्त्रित गर्न सम्भव छ त ? अवश्य छैन । त्यसैले कानुनमै स्पष्ट गरी सरकारले उक्त कानुन कार्यान्वयनमा कडाइ गर्न सकेमात्र यसलाई नियन्त्रित गर्न सकिन्छ ।

## पर्यटन ऐन संशोधन

आरोहण व्यवस्थापनका लागि पर्यटन ऐन संशोधन जरुरी छ । संशोधनका प्रयास नभएका भने हैनन् तर त्यसले प्रक्रियागत पूर्णता नै नपाई स्थगित हुँदा त्यसको असर बर्सेनि सगरमाथा शिखरमा पुगेको छ । गत वर्ष 'पर्यटनसम्बन्धी विधेयक' तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले राष्ट्रिय सभामा दर्ता गरेका थिए । सो विधेयक राष्ट्रिय सभाको बैठकमा छलफल भई सर्वसम्मतबाट पारितसमेत भएको थियो । त्यसपश्चात् प्रतिनिधिसभामा छलफलका लागि टेबुल भयो तर उक्त विधेयक पारित हुनै नपाई जेन-जी आन्दोलन भयो र सरकार नै परिवर्तन भयो । उक्त प्रस्तावित विधेयकमा सगरमाथा आरोहणका लागि कम्तीमा पनि नेपालभित्रकै एउटा सात हजार मिटरको हिमाल अनिवार्य आरोहण गरेको हुनुपर्ने प्रस्ताव गरिएको थियो । सगरमाथामा हुने भीड नियन्त्रण गर्ने, उच्च हिमाली सुरक्षा सुधार गर्ने केही व्यवस्थाहरू थप गरिएका थिए ।

त्यसअघि पर्यटन विभागअन्तर्गत 'नेपालको पर्वतीय पर्यटन (पर्वतारोहण) सुधार सुझाव समिति, २०७६' गठन भई सो समितिले अध्ययन तथा सुझाव प्रतिवेदनसमेत पेस गरेको थियो । सोही सुझावका विषय पनि प्रस्तावित विधेयकका आधार बनाइएका थिए । यदि उक्त विधेयकलाई पुनः वर्तमान सरकारले तत्काल सदनमा लगेर पारित गर्दै कानुन जारी गर्नसके अर्को वर्षदेखि नै हालको तुलनामा सगरमाथामा हुने भीड नियन्त्रण गर्न सघाउ पुग्ने छ । यो नियमले सगरमाथाको भीड नियन्त्रणलाई मात्र सघाउ नपुगी नेपालकै अन्य सात हजार मिटर अग्ला हिमालको पर्यटन प्रवर्द्धनमासमेत टेवा पुग्छ । विभिन्न आरोहण कम्पनीले हाल मनोमानी पैसा लिएर विदेशी आरोहीलाई आरोहण गराउने अवस्थाको अन्त्य गर्न पनि ऐनमै स्पष्ट व्यवस्था गर्न जरुरी छ । आरोहणका लागि आरोहीले तिर्नुपर्ने न्यूनतम् र अधिकतम् रकम सरकारले निर्धारण गर्नुपर्छ । धेरै पैसा तिर्दैमा आरोहणलाई अति सुविधायुक्त बनाइनुको साटो सुरक्षित तर साहसिक मापदण्ड कायम गर्न सकेमामात्र सगरमाथाको महत्त्व रहन्छ ।

## सम्पर्क अधिकृतका भूमिकामा सुधार

पर्यटन ऐन २०३५ को दफा २० को उपदफा २ मा पर्वतारोहणमा खटिजाने सम्पर्क अधिकृतलाई सम्बन्धित पर्वतारोही दलले नै पर्वतारोहण अभियानका लागि प्रस्थान गरेको मितिदेखि पर्वतारोहण समाप्त गरी काठमाडौं वा नेपाल सरकारले तोकेका अन्य स्थानमा नफर्कुञ्जेलसम्म तोकिएबमोजिमको सुविधा दिनुपर्ने छ, भनेर उल्लेख गरिएको छ । यही व्यवस्था नै सम्पर्क अधिकृतको भूमिका कमजोर हुने र आरोहण अभियान सञ्चालन गर्ने कम्पनीको मनोमानीका प्रमुख आधार हुन् । कुनै पनि सरकारी सम्पर्क अधिकृत उक्त आरोहण दलबाटै सबै सेवा सुविधामा निर्भर हुन्छ भने उसले सगरमाथा आधारशिविरमा पुगेर कसरी कानुन कार्यान्वयन तथा नियमनको काम गर्न सक्छ ? अवश्य सक्दैन । यही व्यवस्थाका कारण कतिपय सम्पर्क अधिकृत आधारशिविर नै नपुग्ने र यदि पुगिहालेमा पनि एक-दुई दिन बसेर फर्किहाल्ने प्रवृत्ति स्पष्ट हुँदाहुँदै पनि कारबाही हुन सकेको छैन ।

आरोहण दलसँगै सम्बन्ध र शक्तिको पहुँचमा एउटै व्यक्ति वर्षौंसम्म सम्पर्क अधिकृतका रूपमा जाने परम्पराको अन्त्य गरिनु जरुरी छ । सबैभन्दा पहिले त सम्पर्क अधिकृत छनोट प्रक्रियालाई नै स्पष्ट बनाई कम्तीमा सात हजार मिटरभन्दा माथि आवश्यक परेको खण्डमा जानसक्ने योग्य व्यक्ति छानिनुपर्छ, र त्यसका लागि राज्यले सबै खर्च गर्नुपर्छ । अनि उसले कानुन कार्यान्वयनमा कुनै कमजोरी गरेमा कारबाही गरिने व्यवस्था गरिनुपर्छ । एउटै व्यक्ति बढीमा पाँच पटकभन्दा धेरै सम्पर्क अधिकृतका रूमा जान नपाउने व्यवस्था लागू गर्नुपर्छ । अनिमात्र कानुनमा उल्लिखित तर आरोहण दलले हालसम्म इमान्दारपूर्वक पूर्णरूमा कार्यान्वयन नगरेका आरोहणका क्रममा आफ्नो कम्पनीले लगेको सबै सामान आफैंले फिर्ता ल्याउने काम प्रभावकारी हुन्छ । सगरमाथामा फोहोर थुप्रिने समस्या न्यूनीकरण हुन्छ ।

सरकारले रोयल्टी संकलनलाई मात्र उपलब्धि ठान्नु हुँदैन । यसबाट प्राप्त रकमलाई तीनै तहको सरकारले समन्वय गरी सगरमाथाको सफाइमा कति प्रतिशत खर्च गर्ने ? सगरमाथामा काम गर्ने शेर्पाहरूको जीवन बिमा, निर्वाह भत्ता वा कुनै सुविधाका लागि कस्ता मापदण्ड निर्माण गर्ने ? भन्ने एकीकृत योजना बनाउन आवश्यक छ ।

## शेर्पाका भूमिकाको मूल्यांकन

वर्षौंदेखि शेर्पा समुदायमाथि गरिएका आनुवंशिक अनुसन्धानहरूले के प्रमाणित गरेको छ भने शेर्पाहरूको 'माइटोकोण्ड्रिया'मा 'माइटोकोण्ड्रियल डिएनए' भनिने विशेष डिएनए हुन्छ, जुन आनुवंशिकरूपमा पुस्तैपिच्छे सर्छ । शेर्पाहरूका शरीरका तन्तुहरूमा 'माइटोकोण्ड्रिया'को घनत्व सामान्य मानिसको तुलनामा धेरै हुन्छ । यसको अर्थ के हो भने हिमालमा उति नै अक्सिजनको मात्रा दिँदा एक शेर्पाले अन्य मानिसको तुलनामा बढी काम गर्न सक्छ । त्यसैले हिमालमा शेर्पाले भारी बोक्न र उचाइको हावासँग सजिलै सामना गर्न सक्छन् । तसर्थ, आनुवंशिकरूमै शेर्पा शताब्दीयौंदेखि सामान्य मानिसका तुलनामा थोरै अक्सिजन पाइने स्थानमा पनि तुरुन्तै अनुकूलित हुन सक्छन् । उनीहरूको शरीर त्यसका लागि उपयुक्त ढाँचामा रूपान्तरण भइसकेको छ ।

यस्तो समुदाय भएको हाम्रो राष्ट्रले पर्वतारोहणमा उनीहरूको भूमिकालाई अझै स्पष्टसँग मूल्यांकन गर्न सकेको छैन । उनीहरूको योगदान र कामलाई दक्षता, इमान्दारिता, अनुभव सबै आधारमा वर्गीकरण गरी कम्तीमा पनि पेन्सन वा उपदानसम्मको व्यवस्था गर्नुपर्छ । हालसम्म सगरमाथामा ज्यान गुमाएकामध्ये करिब ३९ प्रतिशत शेर्पा रहेको तथ्यांकहरूले देखाएको छ । हिमालमा भारी बोक्दाबोक्दै ज्यान गुमाएका शेर्पाका परिवारको सदस्यहरूको कुनै सामाजिक सुरक्षा सुनिश्चित गरिएको छैन । वास्तवमा त्यस्ता कैयन शेर्पाका छोराछोरी विदेशीको सहयोगमा शिक्षादीक्षा लिइरहेका छन् । छोरा गुमाउने वृद्धवृद्धा बाबुआमा असहाय छन्, विधवाहरू जीविकाका लागि हात जोड्दै हिँड्नुपर्ने अवस्था छ ।

शेर्पा समुदायले सगरमाथा शिखरमा बस्ने देवीलाई मियुलुङसाङमाका रूपमा पूज्ने गर्छन् । उनीहरूले कहिल्यै हिमाल विजय गर्ने स्थल हैन भनी क्षमापूजा गर्दै आशिष माग्छन् । त्यसैले सगरमाथाको भीडलाई नियन्त्रण गर्दै स्वच्छ रूपमा संरक्षण गर्ने हो भने शेर्पा समुदायका प्रथाजनित, सांस्कृतिक परम्परागत कानुनलाई पनि सम्मान गर्दै सोही समुदायको भूमिकालाई सशक्त बनाउन जरुरी छ । जुन विषयमा हालसम्म सरकारले ध्यान दिन सकेको देखिँदैन ।

## सगरमाथालाई आराम

केही वर्षअघि प्रसिद्ध इटालियन आरोही रेनहोल्ड मेस्नरले सगरमाथालाई केही समय आराम दिनुपर्छ भनेका थिए । निश्चित आरोहण अनुमति, आरोहणका लागि योग्यतामा कडाइ र केही वर्ष आरोहण नै बन्द गरी सगरमाथाको पारिस्थितिक प्रणालीलाई पूर्ववत् अवस्थामा ल्याएपछि मात्र आरोहण खोल्ने गर्नुपर्छ भन्ने मेस्नरको तर्क थियो । सगरमाथामा बढ्दो मानवजन्य क्रियाकलापले देखिएको प्रदूषणलाई नियन्त्रण गर्न पनि कतिपय नेपालीलेसमेत यो मुद्दालाई बहसमा ल्याउने गरेका छन् तर यो विषय सडकदेखि सदनसम्म बहस हुनुपर्ने विषय अवश्य हो ।

पटक-पटक विभिन्न दातृ नियकासँगको सहकार्यमा सरकारले सगरमाथासहितका हिमाल सफाइ अभियान सञ्चालन गरे पनि त्यो पर्याप्त हुन सकेको छैन । कतिपयले त पश्चिमा मुलुकले अथाह कार्बन उत्सर्जन गर्दा हुने, हिमालमा सम्पन्न साना मानवजन्य क्रियाकलापलाई ठूलो विषय बनाउन नहुने भन्ने जस्ता गलत तर्क पनि गर्ने गरेका छन् । विश्व उष्णीकरणको पहिलो असर हिमाललाई पर्ने भएकाले बेलाबेलामा सगरमाथासहित नेपालका अन्य हिमाललाई आराम दिनु पक्कै उपयुक्त हुनसक्छ । पछिल्लो समय विभिन्न प्रविधिको परीक्षणस्थलसमेत बनाएर सगरमाथालाई भूराजनीतिकरूपमा सन्देश दिने गलत अभ्यास हुन थालेको छ । यी यावत् चुनौतीको व्यवस्थापनमा सरकार चनाखो हुन जरुरी छ । *रासस*

## पाठक मञ्च

# 'चुपचाप घण्टी छाप'को उपहार

नेपाल सम्पत्ति शुद्धीकरणसम्न्धी 'ग्रे-लिस्ट'मा छ । २०८१ फागुन ९ गते त्यसमा परेकोमा अहिलेसम्म निस्किन सकेको छैन । ग्रे-लिस्टमा परेयता तीन जना प्रधानमन्त्री फेरिए । केपी शर्मा ओली, सुशीला कार्की र वालेन्द्र साह । तीनै जनाको सरकारमा व्यापक वैदेशिक ऋण स्वीकृत गरियो ।

विश्व बैंकदेखि लिएर विभिन्न मुलुकबाट ऋण लिइयो । सबैको सरकार ऋण लिनमै केन्द्रित भयो, ग्रे-लिस्टबाट हटाउनमा कसैले चासो नै देखाएन । आउँदो सात महिनाभित्र अर्थात् माघ मसान्तभित्र ग्रे-लिस्टबाट हटाउन नसकिएमा देश 'ब्ल्याक लिस्ट' अर्थात् कालोसूचीमा जान्छ । सरकारसँग ग्रे-लिस्टबाट हटाउने कुनै योजना देखिँदैन ।

वालेन्द्र सरकार गठनको दुई महिनामै तीन खर्ब विदेशी ऋण लिइसकिएको छ । पुरानै ऋण ३२ खर्ब छ । जेन-जी प्रदर्शनमा सरकारीतर्फ ८४ अर्ब ७७ करोड ४५ लाख बराबरको क्षति पुगेको छ । त्यो पुनर्निर्माण गर्न दोब्बर खर्च लाग्छ । यता, निजीतर्फ २७ खर्ब क्षति भएको छ । निर्माण व्यवसायीको ४५ अर्ब भुक्तानी दिन सकिएको छैन । दूध र उखु किसानको सात अर्ब, स्वास्थ्य बिमाको ४३ अर्ब, कोरोना बिमाको २४ अर्ब रूैयाँ बक्यौता छ । आव २०८२/८३ मा १९ खर्ब ६४ अर्बको बजेट आएको थियो । बजेट आएको ११ महिनामा नौ खर्ब राजस्व उठ्यो । खर्च १३ खर्ब रूैयाँ भयो ।

केही दिनअघि अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले राज्य सञ्चालन गर्न १३ खर्ब ३० अर्ब रूैयाँ खर्च लाग्ने भनेका थिए । तर, राजस्व सात खर्बमात्र उठ्ने उनको जिकिर छ । नबढेको तलबमा त खर्च धान्न धौधौ थियो भने सरकारले एकैपटक कर्मचारीको तलबमा भारी वृद्धि गरेको छ । सरकारले आगामी आव २०८३/८४ को बजेट हालसम्मकै ठूलो २१ खर्ब २४ अर्ब ३४ करोड रूैयाँको ल्याएको छ । तर, यही बजेटबाट कर्मचारीको तलब बढाइएको हो । देशको आर्थिक अवस्था थाहा हुँदाहुँदै सरकारले कर्मचारीको तलब व्यापक बढाउनु भनेको थप संकट निम्त्याउनु हो ।

कर्मचारीको तलब सुरुको स्केलमा १० प्रतिशत बढ्यो । कार्यसम्पादनको आधारमा ११ प्रतिशत गरेर कूल २१ प्रतिशत तलब वृद्धि भएको छ । योसँगै पेन्सन होल्डरको पेन्सन पनि बढेको छ । यता, राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, सांसदलगायत सम्पूर्ण जनप्रतिनिधिको तलबमा वृद्धि भएको छ । सरकारले तलब त बढायो, महँगी भत्ता पनि यथावत् राख्यो ।

सेना, प्रहरी, सशस्त्र, गुप्तचर, शिक्षक, निजामतीको संख्या लाखौंमा छ । सरकारीको तलब बढेसँगै करार र ज्यालादारीको तलब पनि बढ्यो । उनीहरूले पेन्सनमात्र पाउँदैनन्, अरु सबै पाउँछन् । देशमा ३८ हजार त जनप्रतिनिधि छन् ।

एकातिर तलब बढाउँदा अर्कोतिर कर घटाएको छ । वर्तमान सरकारको सोच पनि ऋण लिएरै देश चलाउने देखिएको छ । बजेटको ठूलो हिस्सामा आन्तरिक र बाहच ऋण छ । जनताले एक सय रूैयाँ कर तिरे भने ५६ रूैयाँ विदेशी ऋणको साँवाब्याजबापत तिर्नुपर्छ । बाँकी रहच्यो ४४ रूैयाँ । यसले दैनिक खर्च धानोस् कि विकास गरोस् ?

जनताले रास्वपालाई दुईतिहाइ नजिक पुर्‍याए । विदेशमा भएका छोराछोरीले पनि 'घण्टी' भने । तर, घण्टीले गर्‍यो के ? जनतालाई नजरअन्दाज गरियो । कर्मचारीको तलब त बढाइयो । यसले अब मँहगी बढाउने निश्चित छ । आखिर महँगीको मारमा पर्ने त सर्वसाधारण नागरिक न पर्ने भए । 'चुपचाप घण्टी छाप' को उपहार यही त होला नि ! कि कसो ?

**- आदित्य पौडेल**
**ज्ञानेश्वर, काठमाडौं**



**नमुना उद्धार अभ्यास** | नेपाली सेनाको अर्जुनवाण गण दह ब्यारेक डडेलधुराको आयोजनामा बिहीबार अमरगढी नगरपालिका–२ स्थित खोलामा विपद् व्यवस्थापन तथा उद्धारसम्बन्धी नमूना अभ्यास गरिँदै । *तस्बिरः रासस*

# प्राविधिक शिक्षातर्फ विद्यार्थीको आकर्षण बढ्दो

**बाँके (प्रस)–** पढ्दापढ्दै रोजगारीको अवसर मिल्ने भएपछि प्राविधिक शिक्षा अध्ययनमा विद्यार्थीको आकर्षण बढ्दै गएको छ । पढाइ सकिएपछि जागिर खोज्न भौतारिनुपर्ने आम युवाको नियति बनिरहँदा प्राविधिक शिक्षा अध्ययन गरेका विद्यार्थीले पढ्दापढ्दै रोजगारी पाउने भएकाले अध्ययनमा आकर्षण बढ्दै गएको नेपालगञ्जस्थित भेरी प्राविधिक शिक्षालयकी प्रिन्सिपल आशाकुमारी श्रेष्ठले बताइन् ।

उनका अनुसार, पश्चिम नेपालकै प्राविधिक शिक्षाको केन्द्र मानिने यस शिक्षालयमा बाँके र बर्दियामात्र नभई कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाका विद्यार्थीहरूको ठूलो आकर्षण छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)को मापदण्डअनुसार भर्ना र छात्रवृत्ति वितरण हुने यस शिक्षालयमा डिप्लोमा र प्रिडिप्लोमा तहमा विद्यार्थीको संख्या उत्साहजनक देखिन्छ ।

प्रिडिप्लोमा तहमा इलेक्ट्रिकल, मेकानिकल, सिभिल, इलेक्ट्रोनिक, अटोमोबाइल, रेफ एण्ड एसी र सेक्रेटियल र डिप्लोमा तहमा इलेक्ट्रिकल, मेकानिकल, सिभिल, फार्मेसी र रेडियोग्राफी कोर्समा पढाइ हुने गरेको छ । 'भेरी प्राविधिक शिक्षालयको सबैभन्दा बलियो पक्ष भनेकै यसको रोजगारमुखी शिक्षा हो, यहाँबाट उत्पादित जनशक्ति बेरोजगार बस्नु पर्दैन,' प्रिन्सिपल श्रेष्ठले भनिन्, 'बजारमा हाम्रा विद्यार्थीको माग निकै उच्च छ, उद्योगहरूले मागेजति जनशक्ति हामीले उपलब्ध गराउनै सकेका छैनौं ।'

विशेषगरी औद्योगिक करिडोरका रूपमा विकास भइरहेको यस क्षेत्रका उद्योगहरूका लागि भेरी प्राविधिक शिक्षालय जनशक्ति आपूर्ति गर्ने मुख्य स्रोत बनेकाले यहाँ अध्ययनरत विद्यार्थीले कोर्स पूरा नहुँदै रोजगारीका अवसर पाउने गरेको शिक्षालयकी प्रिन्सिपल श्रेष्ठको भनाइ छ ।

भेरी प्राविधिक शिक्षालयमा डिप्लोमा लेभल इलेक्ट्रिकल, मेकानिकल, सिभिल, फार्मेसी र रेडियोग्राफी कोर्समा आर्थिक वर्ष २०७९/८० मा १३५ पुरुष र ५१ महिला गरी १८६, आव २०८०/८१ मा १३३ पुरुष र ५४ महिला गरी १८७, आव २०८१/८२ मा ११७ पुरुष र ५७ महिला गरी १७४ र आव २०८२/८३ मा ११६ पुरुष र ६५ महिला गरी १८१ विद्यार्थीले अध्ययन गरेका छन् ।

प्रि-डिप्लोमा तर्फका इलेक्ट्रिकल, मेकानिकल, सिभिल, इलेक्ट्रोनिक, अटोमोबाइल, रेफ एण्ड एसी र सेक्रेटियल कोर्समा आव २०७९/८० मा १७५ पुरुष र ५२ महिला गरी २२७, आव २०८०/८१ मा १५७ पुरुष र २६ महिला गरी १८३, आव २०८१/८२ मा ११७ पुरुष र ५७ महिला गरी १७४ र आव २०८२/८३ मा १३१ पुरुष र २१ महिला गरी १५२ विद्यार्थीले अध्ययन गरेका छन् । बजारको मागअनुसार शिक्षालयले नयाँ-नयाँ कार्यक्रम र कोर्सहरू थप्दै लगे पनि ती कार्यक्रमलाई धान्ने भौतिक पूर्वाधार र स्रोतसाधन भने वर्षौंदेखि थपिएका छैनन् । पुराना कक्षाकोठा, सीमित प्रयोगात्मक प्रयोगशाला र आवश्यक प्राविधिक सामग्रीको अभावकाबीच पनि शिक्षालयले गुणस्तर कायम राख्न संघर्ष गरिरहनु परेको प्रिन्सिपल श्रेष्ठले बताइन् ।

# स्वास्थ्य सेवा केन्द्र सञ्चालनले नागरिकलाई सहज

**भोजपुर–** भोजपुरको टेम्केमैयुङ गाउँपालिका-६ कोटमा आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालनमा आएपछि स्थानीय नागरिकलाई स्वास्थ्य सेवा लिन सहज भएको छ । यसअघि सामान्य उपचारका लागि समेत टाढा-टाढा धाउनुपर्ने बाध्यता थियो ।

वडाध्यक्ष सूर्यप्रसाद नेपालले नागरिकलाई उपलब्ध गराइने सेवाको दायरा थप विस्तार गर्ने उद्देश्यले प्रसूति केन्द्र सञ्चालनको तयारी गरिएको बताए । प्रशुति सेवा सञ्चालनमा आएपछि नागरिकलाई स्वास्थ्य सेवा लिन थप सहजता हुने उनको भनाइ छ । 'चालु आर्थिक वर्षभित्रै प्रसूति सेवा सुरु गर्ने लक्ष्य राखेका छौँ,' वडाध्यक्ष्य नेपालले भने, 'यसले विशेषगरी गर्भवतीलाई राहत पाइने छ ।'

भौगोलिकरूपमा विकट मानिने कोट क्षेत्रमा स्वास्थ्य भवन निर्माण गरी नियमित सेवा प्रवाह सुरु भएपछि स्थानीयमा उत्साह थपिएको छ । विगतमा सामान्य उपचारका लागि पनि बिरामीलाई स्टेचर वा डोकोमा बोकेर जिल्ला अस्पताल लैजानुपर्ने बाध्यता थियो । अहिले गाउँमै उपचार सेवा उपलब्ध भएपछि त्यो समस्या हटेको छ ।

स्वास्थ्य सेवा केन्द्र सञ्चालनसँगै अब गाउँमै सुरक्षित मातृत्व, खोप सेवा, नियमित स्वास्थ्य परीक्षण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सहज भएको स्वाथ्य केन्द्रकी अनमी सम्झना खड्काले बताइन् । यसले दीर्घकालीनरूपमा मातृशिशु मृत्युदर कम गर्न, रोग नियन्त्रण तथा स्वस्थ समुदाय निर्माणमा मद्दत पुग्ने उनको भनाइ छ । स्थानीय प्रेमकुमारी श्रेष्ठले गाउँमै स्वास्थ्य सेवा पाउँदा दैनिक जीवन सहज बनेको बताइन् । *रासस*

# सामुदायिक विद्यालयका शिक्षकलाई 'आइटी' तालिम

**भोजपुर–** जिल्लाको पौवादुङमा गाउँपालिकाका सामुदायिक विद्यालयमा कार्यरत आइटी (सूचना प्रविधि) शिक्षकका लागि पाँच दिने 'सूचना प्रविधि'सम्बन्धी तालिम सञ्चालन गरिएको छ । शिक्षण सिकाइ प्रक्रियालाई आधुनिक, प्रविधिमैत्री तथा गुणस्तरीय बनाउने उद्देश्यसहित गाउँपालिकाको पहलमा तालिम आयोजना गरिएको हो ।

तालिममा गाउँपालिकाभित्रका विभिन्न विद्यालयका आइटी शिक्षकको सहभागिता छ । सहभागीलाई कम्प्युटरको प्रभावकारी प्रयोग, शैक्षिक डिजिटल सामग्री निर्माण, मल्टिमिडिया प्रस्तुतीकरण, अनलाइन कक्षा सञ्चालन, ई-लर्निङ (ई-सिकाइ) माध्यमको उपयोग, इन्टरनेट सुरक्षालगायत विषयमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान प्रदान गरिएको छ ।



विद्यालयमा उपलब्ध प्रविधिको अधिकतम प्रयोग कसरी गर्ने भन्नेबारे पनि प्रशिक्षकले सहजीकरण गरिएको गाउँपालिका अध्यक्ष किरण राईले बताए । तालिम अवधिभर शिक्षकले विभिन्न प्रायोगात्मक अभ्यासमार्फत सिकाइलाई थप सुदृढ बनाएका उनको भनाइ छ । डिजिटल बोर्ड, प्रोजेक्टर, भिडियो सामग्री निर्माण तथा प्रस्तुतीकरणका सीप विकासमा केन्द्रित अभ्यासले उनीहरूको क्षमता अभिवृद्धिमा सहयोग पुग्ने प्रशिक्षकले बताएका छन् ।

पौवादुङमा गाउँपालिकाका अध्यक्ष राईले अहिलेको युगमा प्रविधिविना शिक्षा प्रणाली पूर्ण नहुने बताउँदै यस्ता तालिमले शिक्षकलाई समयानुकूल दक्ष बनाउने विश्वास व्यक्त गरे । 'शिक्षालाई प्रविधिमैत्री र गुणस्तरीय बनाउन सूचना प्रविधिको प्रयोग अपरिहार्य भइसकेको छ,' उनले भने, 'यस्ता तालिमले शिक्षकको सीप विकास गरी विद्यार्थीको सिकाइ उपलब्धि पनि सुधार गर्न मद्दत पुऱ्याउँछ ।'

गाउँपालिकाले आगामी दिनमा विद्यालयहरूमा प्रविधि पहुँच विस्तार गर्ने, आवश्यक उपकरण उपलब्ध गराउने तथा शिक्षकको क्षमता अभिवृद्धिका लागि यस्ता तालिमलाई निरन्तरता दिने योजना बनाएको जनाएको छ । यसले दीर्घकालीनरूपमा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर उकास्न महत्त्वपूर्ण भूमिका खेल्ने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले बताए ।

तालिममा सहभागी शिक्षकले सिकेका सीपहरू विद्यालयमा लागू गरी कक्षाकोठालाई थप आकर्षक र प्रभावकारी बनाउने प्रतिबद्धता जनाएका छन् । सहभागीहरूले डिजिटल माध्यममार्फत विद्यार्थीको सिकाइ रुचि बढाउने र प्रविधिको प्रयोगमार्फत नयाँ-नयाँ शिक्षण विधि अपनाउने बताएका छन् । *रासस*

# अदानचुलीका दुई बस्ती पहिरोको उच्च जोखिममा

**अदानचुली (हुम्ला)–** जिल्लाको अदानचुली गाउँपालिका-२ का दुई बस्ती पहिराको उच्च जोखिममा छन् । वर्षाको समयमा अदानचुली-२ को खलसेरा बस्ती र थपाली बस्ती पहिराको उच्च जोखिममा पर्ने गरेका हुन् ।

करिब ५४ परिवार रहेको खलसेरा बस्तीको तलको भाग कटान भएको छ भने माथिल्लो भागसँगैको क्षेत्रको माटो फुस्रो भएकाले वर्षा लाग्ने वित्तिकै बस्ती बगाउँछ कि भन्ने त्रास हुने गरेको स्थानीय सुरेन्द्र बुढाले बताए । उनका अनुसार अरु समयमा बस्नयोग्य भएको भए पनि वर्षायाम सुरु हुनेबित्तिकै कतिबेला घरसहित जमिन बगाउने हो भन्ने चिन्ताले सिँगो गाउँ त्रासमा बस्ने गरेको छ ।

गाउँ तलको जमिन बर्सेनि पहिरो गएर छेउसम्म आइपुगेको छ । बर्खामा पानी बढी पर्दा पहिरोको डरले यहाँका मानिस गाउँ छोडेर अन्यत्र जानुपर्ने बाध्यता छ । बर्खाको समयमा रातभरि डराएर जाग्राम बस्ने गरिएको बुढाले दुःखेसो व्यक्त गरे । उनका अनुसार पहिले वर्षायाममामात्र बस्न नसक्ने अवस्था रहेकामा करिब छ वर्षयतादेखि बाह्रै महिना स्थानीय त्रासमा बस्न बाध्य छन् ।

सोही वडाअन्तर्गत थपाली बस्तीमा ३५ परिवार बसोबास गर्दै आएका छन् । यो गाउँ पनि पहिरोको उच्च जोखिममा छ । सो बस्तीको माथि भीर र बस्तीका बीच भागमा श्रीनगरबाट भलपानीसहितको पहिरो जाने भएकाले बस्ती जोखिममा परेको स्थानीय बताउँछन् । बस्ती जोखिम हुँदाहुँदै पनि अन्यत्र जाने उपयुक्त स्थान नभएकाले त्रासमा बस्नुपरेको स्थानीयको भनाइ छ ।

बलौटे माटो खसिरहने भएकाले कुनै पनि समयमा पहिरो जान सक्ने स्थानीय बुढाले अनुमान गरे । 'उक्त बस्तीसँग गल्फागाड श्रीनगर सडक जोडिएकाले बजारीकरण हुने आशमा स्थानीयले बस्ती छोड्न मानेका छैनन् । गल्फागाड खोलाले सो बस्तीको केही भाग काट्दै आएको छ,' उनले भने ।

अदानचुली-२ को वडा कार्यालयले यस बस्तीलाई पहिरोको अतिउच्च जोखिम क्षेत्रका रूपमा पहिचान गरेको छ । सो बस्ती विस्तारका लागि पटक-पटक गाउँपालिका विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समितिमा सूचीकृत गराउँदा पनि प्रदेशसम्म पुग्न नसकेको वडाध्यक्ष नन्द महताराले बताए । उनका अनुसार यी दुई बस्ती विस्तारका लागि आफूले धेरै पटक प्रदेशमा गएर जानकारी गराए पनि हालसम्म सुनुवाइ नभएको बताए ।

दुवै बस्तीका सबै घर परम्परागत ढुंगा र माटोसँगै जस्ता पाताले छाइएका छन् । वडाध्यक्ष महताराले भने, 'बस्तीमाथि भिरालो र ढुंगा खसिरहने भीर छ । तल बलौटे माटो भएकाले यो ठाउँ पहिरोको उच्च जोखिममा छ ।' स्थानीयको उपयुक्त स्थानमा स्थानान्तरण गर्न सम्बन्धित निकायसँग गृहकार्य भइरहेको उनले बताए । *रासस*

# खोटाङमा पर्यावरण संरक्षण अभियान सुरु

■ केदार मगर

**खोटाङ–** यस क्षेत्रमा रहेका जैविक विविधताको संरक्षण गर्दै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले पर्यावरण संरक्षण अभियान सुरु भएको छ । सोहीअन्तर्गत धुपी, लालीगुराँस, चिमाल, गोब्रेसल्ला, लोक्ता, पत्लिंगालगायत विभिन्न प्रजातिका दुई हजार ५०० बिरुवा रोपिएका छन् ।

साल्पा-सिलिचुङ क्षेत्रको प्रकृतिक सौन्दर्यलाई बचाइराख्न, जैविक विविधताको संरक्षण गर्न तथा पर्यटन प्रवर्द्धन गर्न वृक्षरोपण गरिएको साल्पा-सिलिचुङ सरोकार संरक्षण तथा प्रवर्द्धन केन्द्र अन्तर्राष्ट्रिय समितिकी कोषाध्यक्ष संगीता नाछिरिङ राईले जानकारी दिइन् । 'डढेलोका कारण साल्पा-सिलिचुङ वरपरका मुन्दुमी वनस्पती नास हुँदै गएका छन् । यसलाई संरक्षण तथा प्रवर्द्धन गर्न तथा प्राकृतिक सम्पदाको विकासमार्फत पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले वृक्षरोपण गरिएको हो,' उनले भनिन्, 'यही जेठ १० गतेदेखि सुरु गरिएको वृक्षरोपण अभियानलाई आगामी दिनमा पनि निरन्तरता दिइने छ । वृक्षरोपणले साल्पा पोखरीको पानी सुक्न नदिन र सौन्दर्यकरणमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।'

केन्द्रको अन्तर्राष्ट्रिय समितिकी आर्थिक सहसंयोजक जलवती राईको नेतृत्वमा आयोजना गरिएको वृक्षरोपण कार्यक्रममा स्थानीयवासीको सक्रिय सहभागिता थियो । वृक्षरोपणमार्फत किरात ऐतिहासिकस्थल साल्पा पोखरीको मुहानलाई संरक्षण गर्दै साल्पा-सिलिचुङलाई हरियाली र सुन्दर बनाउने लक्ष्य राखिएको आयोजकले जनाएको छ ।

खोटाङ, भोजपुर, संखुवासभा र सोलुखुम्बुको संगमस्थलमा पर्ने मुन्दुमीस्थल साल्पा पोखरी र सिलिचुङलाई संरक्षण र सम्वर्द्धनका लागि विभिन्न संरचना पनि निर्माण भइरहेका छन् । पछिल्लो समय धार्मिक तथा पर्यटकीयस्थलका रूपमा विकास हुँदै गएको साल्पा-सिलिचुङ क्षेत्रमा साल्पा-सिलिचुङ सरोकार संरक्षण तथा प्रवर्द्धन केन्द्र अन्तर्राष्ट्रिय समितिले किराती पुर्खा 'सुम्निमा-पारुहाङ र नछुङ (धामी)'को प्रतिमा स्थापना गरेको हो ।

साल्पा-सिलिचुङ क्षेत्रमा स्थापना गरिएको सुम्निमा-पारुहाङ र नछुङको प्रतिमा देश तथा विदेशमा रहेका किराती तथा गैरकिरातीबाट आर्थिक सहयोग संकलन गरिएको रकमबाट निर्माण गरिएको आयोजकले जनाएको छ । औपचारिक कार्यक्रमसहित गत वर्ष स्थापना गरिएको सुम्निमा-पारुहाङ र नछुङको प्रतिमा सरकारका पूर्वमन्त्री सुदन किरातीले अनावरण गरेका हुन् ।

साल्पा-सिलिचुङ किरातीको मुन्दुमीस्थल तथा किरात धार्मिक, सांस्कृतिकस्थल भएकाले संरक्षण र प्रवर्द्धन गर्न सुम्निमा-पारुहाङ तथा नछुङको प्रतिमा स्थापना गरिएको समितिका अध्यक्ष राजेन खिम्बुले राईले बताए । उनले भने, 'किराती मुन्दुमअनुसार साल्पा-सिलिचुङ किरातीको सृष्टि र मुन्दुमको उत्पत्तिको केन्द्र भएको जनविश्वास छ । यसले किरातीलाई सांस्कृतिकरूपले एकतामा जोड्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।'

साल्पा-सिलिचुङको चौतर्फी विकासका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माण गरेर स्तरोन्नतिको काम सुरु गरिएको समितिले जनाएको छ । समितिले तयार पारेको डिपिआरअनुसार साल्पा-सिलिचुङ परिसरमा सुम्निमा-पारुहाङका साथै मुन्दुमी पात्रहरूको



मूर्ति तथा प्रतिमा, बाबु (चिण्डो) आकारको मुन्दुमी गेट (प्रवेशद्वार), माङखिम तथा मुन्दुम संग्रहालयलगायतका भौतिक संरचना निर्माण गरिने छ ।

'सृष्टिको उत्पत्ति केन्द्र मुन्दुमको प्राण, साल्पा-सिलिचुङ संरक्षण हाम्रो अभियान' भन्ने नाराका साथ सुरु गरिएको अभियानमा नेपालसहित बेलायत, हङकङ, कोरिया, अमेरिका, अस्ट्रेलिया, जापान, इजरायललगायत विश्वभर छरिरहेका नेपाली जोडिएका समितिका अध्यक्ष खिम्बुले जानकारी दिए । उनका अनुसार बृहत् योजनासहित सुरु गरिएको अभियानका लागि साउदी अरबमा रहेका भोगिन्द्र चाम्लिङ राईको संयोजकत्वमा आर्थिक संकलन समिति गठन गरिएको छ ।

साल्पा-सिलिचुङको चौतर्फी विकास गर्ने उद्देश्यसहित सुरु गरिएको अभियानको अध्ययन तथा अनुसन्धानका लागि यसअघि अध्ययन तथा अनुसन्धान समितिसमेत निर्माण गरिएको थियो । धार्मिक तथा पर्यटकीयस्थल सिचिलुङबाट सर्वोच्च शिखर सगरमाथा, मकालु, कञ्चनजंघा, कुम्भकर्ण, मेरापिक हिमाललगायत हिमशृंखला, तराईका फाँट तथा विभिन्न नदी, वनजंगल र किराती बस्तीहरू प्रस्ट देख्न सकिन्छ ।

साल्पा पोखरीबाट उत्तरपूर्वी भेगमा पर्ने सिलिचुङको उचाइ समुद्री सतहबाट चार हजार १५५ मिटर अग्लो रहेको छ । सिलिचुङ आसपासमा रहेका टेम्के, मैयुङ, लौरे, चिलिमढुंगालगायतका डाँडामध्ये सबैभन्दा अग्लो डाँडाका रूमा स्थापित छ । टेम्के समुद्री सतहबाट तीन हजार १६५ मिटर उचाइमा छ भने, मैयुङको उचाइ तीन हजार ३३३ मिटर अग्लो छ । किरात समुदायको आस्थाको केन्द्र मानिने सिलिचुङको फेदमा अवस्थित साल्पापोखरीमा आन्तरिक तथा बाहय पर्यटक आफ्नो मनोकांक्षा पूरा हुने जनविश्वासका साथ पूजाआजा गर्दै आएका छन् ।

साल्पा पोखरीमा हरेक वर्ष चारपटक (वैशाख, भदौ, कात्तिक र फागुन महिनाको पूर्णिमामा) मेला लाग्दछ । विनामुहान तथा विनानिकासको पानी जमेर बनेको साल्पापोखरीमा लाग्ने मेलामा खोटाङ, भोजपुर, संखुवासभा, धनकुटा, सोलुखुम्बुलगायत विभिन्न जिल्लाबाट भक्तजन पुग्ने गरेका छन् । साल्पा पोखरीमा पूजाआजा गर्दा बोली नफुट्नेहरू बोल्न सक्ने, सन्तान नहुनेलाई सन्तान प्राप्ति हुने, धामी तथा झाँक्रीहरूले मुन्दुमी शक्ति प्राप्त गर्नेलगायत धार्मिक जनविश्वास रहिआएका छन् । कचौरा आकारमा फैलिएको साल्पा पोखरी समुद्री सतहबाट तीन हजार ६७२ मिटर उचाइमा अवस्थित छ ।

नेपाल सरकारले निर्धारण गरेको घुम्नैपर्ने १०० पर्यटकीय गन्तव्यभित्र पर्ने मुन्दुम पदमार्ग यही क्षेत्र (साल्पा-सिलिचुङ)सम्म विस्तार गरिएको छ । मुन्दुम पदमार्गले छोएको स्थानलाई जोड्दै चारवटै जिल्ला (खोटाङ, भोजपुर, संखुवासभा र सोलुखुम्बु)का स्थानीय तहले आ-आफ्नो क्षेत्रमा पदमार्गसमेत निर्माण गरिहेका छन् । प्रचारप्रसारको अभावमा ओझेलमा रहेको धार्मिक एवं पर्यटकीयस्थल साल्पा-सिलिचुङ आसपास निर्माण गरिएका पदमार्गमा पछिल्लो समय होटल तथा होमस्टे (घरबास)समेत विस्तार हुन थालेका छन् । *रासस*

प्रभाव दैनिक

आइतबार, १७ जेठ २०८३ (Sunday, 31 May 2026)

रूपशाला

## 'आ बाट आमा २'मा निकिता अनुबन्धित

चन्द्र पन्तको निर्देशनमा निर्माण हुने फिल्म 'आ बाट आमा २'को अभिनेत्रीका रूमा निकिता आचार्य अनुबन्ध भएकी छन् । निर्माण पक्षले बिहिवार उनलाई फिल्मका लागि अनुबन्ध गरेको हो । फिल्मका निर्देशक तथा निर्माता चन्द्र पन्तले उनलाई फिल्मका लागि अनुबन्ध गरेको बताए । उनले भने, 'हामीले निकितालाई फिल्मको एक मुख्य भुमिकामा अनुबन्ध गरेका छौं ।' आगामी असोज ३० गते अर्थात दसैंको फूलपातीबाट प्रदशर्नमा आउने यस फिल्ममा यसअघि पल शाह, आकाश श्रेष्ठ, विपना थापा, प्रदीप रावतका अलवा साइग्रेस पोखरेल, गजित बिष्ट, नरेन खड्का अनुबन्धित भइसकेका छन् ।



# 'सिन्दुरे जात्रा'को छायांकनका क्रममा अभिनेता बराल घाइते

■ प्रभाव संवाददाता



**काठमाडौं–** चलचित्र 'सिन्दुरे जात्रा'को छायांकनका क्रममा मुख्य अभिनेता विजय बराल घाइते भएका छन् । छायांकनका क्रममा घोडाबाट खसेर उनको दाहिने हातको नाडीको जोर्नीमा चोट लागेको हो ।

यही जेठ १ गतेदेखि पर्वतको कुस्मा नगरपालिकास्थित आर्थर डाँडाखर्कबाट चलचित्रको छायांकन सुरु भएको थियो । करिब १५ दिनको सेड्युल सकेर बुधबार एक दृश्यका लागि घोडा चढ्ने क्रममा अचानक सन्तुलन बिग्रँदा बराल दुर्घटनामा परेका हुन् ।

निर्माण टिमका अनुसार उनको दाहिने हात फ्याक्चर भएको छ । तत्कालै कुस्मा लगी थप उपचारका लागि पोखरा पुऱ्याइएका बरालको दाहिने हातको नाडीमा जोर्नी हडिड्मा 'फ्याक्चर' देखिएपछि पलास्टर गरिएको टिमले जनाएको छ ।

मुख्य कलाकार नै घाइते भएपछि चलचित्रको छायांकन हाललाई पूर्ण रूपमा रोकिएको छ । निर्देशक सरोज पौडेलका अनुसार चलचित्रको कुल ३५ दिनको छायांकन सेड्युल तय गरिएको थियो । तर, यो अप्रत्यासित दुर्घटनापछि कलाकारसहितको टोली काठमाडौं फर्किएको छ ।

निर्देशक पौडेलले भने, 'विजयजीको स्वास्थ्य हाम्रो पहिलो प्राथमिकता हो । चिकित्सकको सल्लाहअनुसार उहाँलाई कम्तीमा ३५ देखि ४० दिन पूर्ण आरामको आवश्यकता छ । त्यसैले बाँकी छायांकन अब आगामी असार १५ गतेपछि मात्र सुरु हुनेछ ।'

अभिनेता विजय बरालले भने,'काम गर्ने क्रममा अचानक दुर्घटना हुन पुग्यो । यसले गर्दा टिमको सेड्युल केही समयका लागि प्रभावित भएको छ । अहिले डाक्टरको निगरानीमा छु र केही हप्ताको आरामपछि पुनः काममा फर्किनेछु ।'

उनले आफ्नो स्वास्थ्य अवस्थाका कारण अन्य केही चलचित्रको छायांकन तालिकामा पनि सामान्य हेरफेर हुन सक्ने संकेत गरे ।

'सिन्दुरे जात्रा'मार्फत निर्देशक सरोज पौडेल र कलाकारद्वय विजय बराल तथा अञ्जना बराइलीले दोस्रो पटक सहकार्य गरिरहेका छन् । यसअघि यो टिमले नेपाली चलचित्र इतिहासकै सर्वाधिक सफल मानिएको 'पूर्णबहादुरको सारङ्गी'मा सँगै काम गरेको थियो ।

सारङ्गी फिल्म्सको प्रस्तुतिमा निर्माण भइरहेको यस चलचित्रमा विजय बराल, अञ्जना बराइली र विनोद न्यौपाने मुख्य भूमिकामा छन् ।

सबिन अधिकारी र वसन्त न्यौपानेको लेखन रहेको चलचित्रमा निर्देशक पौडेल स्वयंको कथा छ । आरआर फिल्मसले वितरण गर्ने यस चलचित्रको डिजिटल पार्टनरमा ओएसआर डिजिटल रहेको छ ।

# 'रोल नं १'लाई दर्शकको माया



■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'रोल नं १'ले पाएको प्रतिक्रियाले आफू ढुक्क भएको निर्माता विनोद पौडेलले बताएका छन् । शुक्रबार सिनेमा हेर्ने दर्शकले 'रोल नं १' मन पराइदिएपछि निर्माता पौडेल अब सिनेमाले गति लिनेमा ढुक्क छन् ।

सिनेमा हेर्ने दर्शकले चलचित्र राम्रो रहेको र हेर्नै पर्ने भन्दै सामाजिक सञ्जालमा लेख्न र बोल्न थालेपछि 'अब रोल नं १'ले वर्ड अफ माउथ राम्रो पाउनेमा निर्माता पौडेल विश्वस्थ छन् ।

'रोल नं १' केवल हल गएर साढे २ घण्टा समय बिताउने सिनेमा मात्रै नभएर मनभित्र लामो समय बाँचिरहन्छ भन्दै यस्तो मनछुने सिनेमा अझै धेरै बन्नुपर्छ भन्दै सामाजिक सञ्जामा आउन थालेका छन् ।

'पूर्ण बहादुरको सारङ्गी' भन्दा राम्रो सिनेमा हेर्न नछुटाउनुस् है भन्नै स्टाटस आउन थालेपछि र सिनेमा हेर्ने बालबालिकाले आफू र आफ्ना अभिभावकले हेर्ने पर्ने भन्दै प्रतिक्रिया दिन थालेका छन् । यस्तै प्रतिक्रियाले 'पूर्ण बहादुरको सारङ्गी' ऐतिहासिक सिनेमा बनेको भन्दै निर्माता पौडेलले त्यही बाटो 'रोल नं १'ले पनि समाउनेमा आशावादी देखिएका छन् ।

स्कुले शिक्षा, त्यसको महत्व र अहिलेको मूल्यांकन विधिले बालबालिकामा परिरहेको असरको कथा र अभिभावकले दिने दबाब तथा त्यसको प्रभावलाई दशर्कले मन पराएको निर्माता पौडेलले बताएका छन् ।

'हामीले जुन उद्देश्य र अपेक्षा राखेका थियौं, जसरी सिनेमा दर्शकले बुझ्नु हुनेछ भन्ने अपेक्षा राखेका थियौं,' विनोद भन्छन्, 'हामी यसमा सफल भएका छौं । दर्शकले दिएको प्रतिक्रियाले हामीलाई निकै उत्साहित बनाएको छ ।' चलचित्र 'पूर्ण बहादुरको सारङ्गी' चल्दा आएको प्रतिक्रियाको झल्को आफूले महसुस गरिरहेको उनले बताएका छन् ।

दर्शकको प्रतिक्रिया बुझ्न मुख्य कलाकारहरू यतिबेला मोफसलका हलहरूमा पुगेका छन् । अभिनेता मुकुन भुसाल, सुशांक मैनाली र शंकर आचार्य झापाका विभिन्न सिनेमा हलमा पुगेर दर्शकलाई भेटिरहेका छन् । झापाबाट सुरु भएको यो यात्रा देशका अन्य प्रमुख सहरहरूमा पनि जारी रहने निर्माण टिमले जनाएको छ ।

जोन योञ्जनको निर्देशन रहेको चलचित्रमा मुकुन भुसाल, सुशांक मैनाली, रेणु नाथ योगी, एवन राज उप्रेती, सिर्जना अधिकारी मुख्य भूमिकामा छन् । चलचित्रको बाल-कलाकारमा निर्भिक रेग्मी, रिन्चेन लामा, संयम कटुवाल, सिजल श्रेष्ठ रहेका छन् ।

विनोद पौडेल र जान्वी पौडेल निर्माता रहेको चलचित्रको सह-निर्माताामा छत्रमाया गिरी र रमेश चौलागाईं छन् । 'रोल नं १'लाई महेश दवाडीले लेखेका हुन् । यो सिनेमाको डीओपी शिवराम श्रेष्ठ छन् । विनोद पौडेल र जान्वी पौडेल निर्माता रहेको चलचित्रको सह-निर्माताामा छत्रमाया गिरी र रमेश चौलागाईं छन् ।

# एउटै स्टेजमा प्रस्तुत हुँदै दुई दर्जन कलाकार

**काठमाडौं (प्रस)–** खुमन अधिकारी, सुस्मिता जि विश्व, नारायण खनाल, नवीन पौडेल, गीता भट्टराई लगायत करिब दुई दर्जन कलाकार एउटै मञ्चमा प्रस्तुति दिने भएका छन् । शनिबार मध्यान्न आयोजना हुने 'बृहत् जनचेतनामूलक सांस्कृतिक २०८३'मा थुप्रै कलाकारले विभिन्न संस्कृति कार्यक्रम मार्फत श्रोता तथा दर्शकलाई मनोरञ्जन दिलाउने भएका हुन् ।

'जोगाऔं सम्पदा, संस्कृति र सभ्यता' भन्ने मूल नारा सहित आयोजना हुन लागेको कार्यक्रम भजन संस्कृति प्रवर्द्धन र लोपोन्मुख लोक कला संस्कृति संरक्षणको उद्देश्य रहेको आयोजकले एक विज्ञप्ति मार्फत जानकारी दिएको छ ।

बुढानीलकण्ठ नपा वडा १२ को कपन खरिबोट स्थित त्रि-ज्योति माध्यमिक विद्यालय आयोजना हुने कार्यक्रमको बुढानीलकण्ठ नगरपालिकाको संरक्षकत्व रहेको छ ।

लागू औषध दुर्व्यशन, सर्ने नसर्ने रोगहरू, सामाजिक संजालको दुरूयोग, महिला हिंसा, लैङ्गिक हिंसा, सुर्तिजन्य पदार्थको नियन्त्रण लगायतका विषयमा एक नाटक समेत प्रदर्शन हुने कार्यक्रम संयोजक लोकदोहोरी गायक नवीन पौडेलले बताए ।

संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय र सोही मन्त्रालय अन्तर्गतको पर्यटन कार्यालय काठमाडौंको समेत सहयोग रहेको कार्यक्रममा कलाकार कविता खत्री, स्वीकृति पौडेल, फुट्टी शेर्पा, सुमित्रा कोइराला, आशा लामा, राधिका ढकाल, भीमसेन खतिवडा, सुमन थापा मगर, सिन्धुली कलाघर, राजेन्द्र गिरि (गुन्द्रुक साधेर) जादुगर, श्रीदेबी देवकोटा, उमा बिडारी, निश्चल सिलवाल, सन्जय खड्का, निशा खड्का, सपना सुनाम, पुनम बस्याल, देवी हमाल, रेखा लामा, सुष्मा लामा, मुकुन्द घिमिरे, रोजि कुमालको पनि प्रस्तसति रहने बिज्ञप्तीमा उल्लेख छ ।

रास्ट्रिय लोक भजन चुड्का संरक्षण प्रतिष्ठानको सह आयोजना र स्वीकृति इभेण्ट म्यानेजमेन्टको आयोजना रहेको कार्यक्रममा विभिन्न लोपोन्मुख लोक भजन समेत प्रस्तुत गरिनेछ । कार्यक्रममा कलाकारदेखि पत्रकारसम्म समाजका विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तिलाई सम्मान प्रदान गरिनेछ ।

रंगशाला

# बुद्धिचाल प्रतियोगितामा पाँच मुलुकका २२६ जना खेलाडी



■ प्रभाव संवाददाता

**काठमाडौं –** काठमाडौं महानगरपालिकाले आयोजना गरेको बुद्धिचाल प्रतियोगितामा पाँच देशका २२६ जना खेलाडी प्रतिस्पर्धामा रहेका छन् ।

कामपा वडा २४ को आयोजना नविन्द्रराज जोशी स्मृति तेस्रो फिडे ऱ्यापिड (१९०० मुनि) चेस टुर्नामेन्ट सुरु गरेको खेलमा पाँच देशका २२६ सहभागी रहेको बताइएको छ ।

धर्मपथमा रहेको सांस्कृतिक द्यः छेँमा खेल सुरु भएको हो । खेलको शुभारम्भ गर्दै वडा नं २४ का अध्यक्ष विनोदकुमार राजभण्डारीले, महानगरपालिका घोषणा हुँदाका उपप्रमुख स्वर्गीय नविन्द्रराज जोशीको व्यक्तित्वमाथि चर्चा गर्दै उनको योगदानलाई चीरस्मरणीय बनाइराख्न जोशीका नामबाट प्रतियोगिता थालिएको बताए । वडाले विश्व बुद्धिचाल महासंघ, एशियन चेस फेडरेसन र नेपाल चेस फेडरेसनसँगको सहकार्यमा प्रतियोगिता आयोजना गरेको हो ।

खेल, स्वीस सिस्टममा आधारित अर्थात् एक जना खेलाडीले नौ जना खेलाडीसँग प्रतिस्पर्धा गरेर उच्च अंक प्राप्त गर्ने खेलाडी विजेता हुने प्रणालीमा खेलाईदै छ । यसमध्ये शुक्रबारसम्ममा पाँच चरणमा खेल सम्पन्न भएको छ । यी चरणमा काठमाडौँका सिएम भगवतीप्रसाद शर्मा र दीपक महर्जन, मोरांका उमेश राई र मकवानपुरका फुर्वा लामाले पाँचवटै खेल जितेर शीर्ष स्थानमा रहनुभएको प्रमुख निर्णायक (इन्टरनेशनल आर्बिटर) ज्ञानेन्द्र खाइजुले जानकारी दिए । खाइजुका अनुसार स्वीस लिग प्रणालीमा हरेक जितका लागि खेलाडीले १ नम्बर प्राप्त गर्नेछन् । बराबर भयो ०.५ अंक प्राप्त हुनेछ ।

प्रतियोगितामा नेपाल, भारत, अमेरिका, बेलायत र फ्रान्सका एक जना गरी २२६ जना खेलाडी सहभागी छन् । नेपालका ४८ जिल्लाबाट खेलाडी सहभागी भएका छन् । उमेरका हिसाबले नौ वर्षका सुवांग प्रधानदेखि ८० वर्षका भेट्रान खेलाडी सीताराम अग्रवाल प्रतिस्पर्धामा छन् । प्रतिस्पर्धामा १५ जना महिला छन् ।

काठमाडौं बाहिरबाट प्रतिस्पर्धाका लागि आएका खेलाडीलाई वडा कार्यालयले दुई रातको आवासीय सुविधा उपलब्ध गराएको छ ।

अल इण्डिया गोल्डकप क्रिकेट

# केरलासँग नेपाल 'ए' पराजित

■ प्रभाव संवाददाता



**काठमाडौं–** भारतको देहरादुनमा भइरहेको अल इण्डिया गोल्डकप क्रिकेटमा नेपाल 'ए'ले आफ्नो पहिलो खेलमा केरला क्रिकेट एसोसियसनको टिमसँग पराजित भएको छ ।

शनिबार सम्पन्न खेलमा केरलासँग नेपाल ए टिम डकवर्थ लुइस पद्दतीमा १५ रनले पराजित भएको हो । केरलले दिएको ३३२ रनको विशाल लक्ष्य पछ्याएको नेपाल ए ले २२.३ ओभरमा ३ विकेट गुमाएर १३४ रन बनाएको अवस्थामा वर्षाका कारण खेल रोकिएको थियो । वर्षा निरन्तर भइरहेपछि डिएलस मेथडमा नेपाल ए पराजित भएको हो ।

वर्षा अघिसम्म नेपाल ए का लागि देव खनालले ४१ बलमा सर्वाधिक ५७ रनको अर्धशतकीय इनिङ्स खेलेका थिए । अर्जुन कुमाल ६६ बलमा ५० रनमा आउट हुँदा कप्तान अनिल साह १९ रनमा अविजित रहेका थिए ।

केरलाका लागि फानोस फैज र आसिफ सलामले समान १ विकेट आफ्नो नाममा गरे । त्यसअघि पहिले ब्याटिङ गरेको केरलाले निर्धारित ५० ओभरमा ७ विकेट गुमाएर ३३१ रनको विशाल योगफल तयार गरेको थियो ।

केरलाका लागि अहमद इम्रानले १०८ बलमा १२ चौका र २ छक्काको सहयोगमा सर्वाधिक १२२ रनको शतकीय इनिङ्स खेले । अभिषेक ५५ बलमा ५६, मोहम्मद अजरुद्दिन ४१ बलमा ५५, रोहन कुन्नुमल ५० बलमा ४४ तथा कप्तान सलमान निजर १८ रनमा आउट भएका थिए । नेपाल ए का लागि आकाश चन्दले ३, विपिन खत्रीले २ तथा रशिद खान र बसिर अहमदले १ विकेट लिए । १६ टोली सहभागी गोल्ड कपमा नेपाल ए समूह डी मा रहेको छ ।

नेपाल रहेको समूहमा केरला, गोवा तथा भोपालको टोली रहेको छ । प्रतियोगिताको दोस्रो खेलमा गोवा क्रिकेट एसोसियसनको टिमसँग खेल्नेछ ।

राष्ट्रपति रनिङ शिल्ड:

# कास्कीका सुदीप र एञ्जलललाई स्वर्ण

■ प्रभाव संवाददाता

**कास्की–** गण्डकी प्रदेशस्तरीय १६ औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताअन्तर्गत एथलेटिक्सतर्फ एक सय  मिटर दौडमा कास्कीका सुदीप भण्डारी र एन्जल अधिकारीले स्वर्ण पदक जितेका छन् ।

छात्रतर्फ सुदीपले ११ दशमलव नौ सेकेन्डको समय निकाल्दै स्वर्ण पदक जित्दा, कास्कीका प्रज्वल खड्काले ११ दशमलव २५ सेकेन्ड समयका साथ रजत पदक जिते । स्याङ्जाका रोहित सिंह कास्य जिते ।

छात्रातर्फ अधिकारीले १४ दशमलव चार सेकेण्डमा निर्धारित दूरी पार गरेकी थिइन् । यस विधामा नवलपुरकी आरती विकले १४ दशमलव २७ सेकेण्ड लगाएर रजत र कास्कीकी शिक्षा खड्गीले १४ दशमलव ७२ सेकेण्ड समय लगाउँदै कास्य पदक जितेकी छन् ।

पोखरा रङ्गशालामा आज एथलेटिक्सतर्फका विभिन्न विधा सञ्चालन गरिएको थियो । राष्ट्रपति रनिङ शिल्ड बाग्लुङमा सञ्चालन भइरहे पनि खराब मौसमका कारण एथलेटिक्स खेल भने पोखरा रङ्गशालामा सारिएको गण्डकी एथलेटिक्स सङ्घका महासचिव मनबहादुर थापाले बताए ।

'रनिङ शिल्डका सबै खेल बागलुङमा हुने योजनाअनुसार खेलाडी सबै पुगिसकेका थिए, तर वर्षाका कारण बागलुङको बाङ्गेचौर खेल मैदानमा खेलाउने अवस्था रहेन । त्यसपछि पोखरा फिर्ता भएर यहाँ खेलाइएको हो', उनले भने ।

एथलेटिक्सतर्फ नवलपुर चार स्वर्ण र चार रजत पदकसहित शीर्ष स्थानमा छ । यसैगरी गोरखाले चार स्वर्ण र दुई कास्य, कास्कीले दुई स्वर्ण चार रजत र तीन कास्य पदक जित्न सफल भयो । यसैगरी तनहुँले दुई स्वर्ण र एक कास्य, लमजुङले तीन रजत र तीन कास्य तथा बागलुङले दुई कास्य जितेको छ ।

प्रतियोगितामा गण्डकी प्रदेशका ११ जिल्लाका खेलाडीहरूको सहभागिता रहेको छ । प्रतियोगिताबाट एथलेटिक्सतर्फ सबै इभेन्टमा १६औं संस्करणको केन्द्रीय राष्ट्रपति रनिङ शिल्डका लागि खेलाडी छनोट गरिने सङ्घका महासचिव थापाले जानकारी दिए ।



क्यानडाको ब्रिटिस कोलम्बियास्थित भ्यानकुभरमा हुने प्रतियोगिता अगाडि फिफा विश्वकप २०२६ को आधिकारिक म्याच बलमा परिणत गरिएको साइन्स वर्ल्डको विशाल डोम । *तस्बिरः सिन्ह्वा*

# इरानसँगको सम्झौताबारे ट्रम्पको बैठक निष्कर्षविहीन

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले इरानसँग युद्धविराम लम्ब्याउने ढाँचाबारे छलफल गर्न आफ्ना मुख्य सहयोगीहरूसँग गरेको बैठक निष्कर्षविहीन भएको छ । वासिङ्टनको 'अन्तिम धारणा' बनाउन शुक्रबार आफ्ना मुख्य सहयोगीहरूसँग बैठक गरेका थिए ।

उनले इरानले कहिल्यै परमाणु अस्त्र वा बम राख्न नपाउने, हर्मुजको साँघुरो जलमार्गमा 'दुईतर्फीरूपमै विनाअवरोध पारवहन' पुनः सञ्चालन गर्ने र जलमार्गमा रहेका सबै खानीहरू 'नष्ट' गर्न तेहरान सहमत हुनुपर्ने बताएका छन् । ह्वाइटहाउसको 'सिचुएसन रुम'मा उक्त बैठक भएको थियो । त्यस कक्षलाई मुख्य संकटहरूसँग जुझ्न गरिने आन्तरिक छलफलका लागि प्रयोग गरिन्छ ।



इरानले यसअघि आफ्नो परमाणु कार्यक्रमबारे वार्ता नभइरहेको बताएको थियो । उसले आफ्नो परमाणु कार्यक्रम पूर्णतः नागरिक उद्देश्यका लागि भइरहेको बताउँदै आएको छ । यसअघि बिहीबार अमेरिकी अधिकारीहरूले दुई देशले सम्झौताको एकखाले ढाँचामा सहमति जनाएको बताएका थिए । तर त्यसमा ट्रम्प र इरानको नेतृत्वको स्वीकृति आउने काम बाँकी रहेको उनीहरूको भनाइ थियो । *रासस/एएफपी*

# इजरायली आक्रमणले लेबनानमा राहत र उद्धार कार्य प्रभावित

**संयुक्त राष्ट्रसंघ–** दक्षिणी लेबनानमा इजरायली सेनाले आक्रमण तीव्र बनाउँदै जाँदा आपत्कालीन उद्धार कार्य तथा राहत सामग्री वितरणमा गम्भीर अवरोध सिर्जना भएको संयुक्त राष्ट्रसंघले जनाएको छ ।

संयुक्त राष्ट्रसंघको मानवीय सहायता समन्वय कार्यालयका अनुसार बिहीबार दक्षिणी लेबनानको नाबाटिये क्षेत्रमा भएको आक्रमणले मार्जायौन जिल्लाको एक प्रमुख सडकमा क्षति पुऱ्याएको छ । उक्त सडक घाइतेहरूको उद्धार, राहतकर्मीहरूको आवतजावत तथा सर्वसाधारणलाई अत्यावश्यक वस्तु तथा सेवामा पहुँच पुऱ्याउन महत्त्वपूर्ण मानिन्छ ।

स्थानीय स्रोतहरूका अनुसार दक्षिणी क्षेत्रको माराकाह नगरपालिकामा भएको छुट्टाछुट्टै हवाई आक्रमणमा कम्तीमा आठ जनाको मृत्यु भएको छ । साथै, अल-बस प्यालेस्टिनी शरणार्थी शिविरमा तीन जनाको ज्यान गएको र करिब ३७ जना घाइते भएका छन् ।



बारम्बार जारी गरिएका विस्थापन आदेशका कारण धेरै परिवारहरू घर छोड्न बाध्य भएका छन् । सुरक्षा अवस्था परिवर्तन भइरहँदा उनीहरू पुनः फर्किने र फेरि विस्थापित हुने अवस्था दोहोरिएको छ । टायर सहरका आश्रयस्थलहरू भरिइसकेको बताइएको छ भने धेरै विस्थापित परिवारहरू उत्तरतर्फ सर्न थालेका छन् ।

संयुक्त राष्ट्रसंघले चुनौतीपूर्ण परिस्थितिका बाबजुद पनि आफ्ना साझेदार संस्थामार्फत देशभर जीवनरक्षक सहायता उपलब्ध गराइरहेको जनाएको छ । मार्च २ यता विश्व खाद्य कार्यक्रम र साझेदार संस्थाहरूले द्वन्द्वप्रभावित समुदायलाई एक करोड १० लाखभन्दा बढी तातो तथा चिसो भोजन वितरण गरेका छन् । साथै, शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसंघीय निकाय र साझेदारहरूले विस्थापित परिवारलाई एक लाख ७० हजारभन्दा बढी कम्बल र एक लाख ३० हजार गद्दा उपलब्ध गराएका छन् ।

लेबनानका लागि संयुक्त राष्ट्रसंघीय मानवीय संयोजक इमरान रिजाले देशभर बढ्दो हिंसा र विस्थापन आदेशका कारण समुदायहरूमा परेको असरप्रति गहिरो चिन्ता व्यक्त गरेका छन् । उनले विस्थापन आदेश जारी भएका क्षेत्रबाट भाग्ने क्रममा सर्वसाधारण पनि हवाई आक्रमणको सिकार बनेको जानकारी प्राप्त भएको बताए ।

संयुक्त राष्ट्रसंघका अनुसार लेबनानी सरकारी तथ्यांकले मार्च २ यता कम्तीमा तीन हजार ३५५ जनाको मृत्यु भएको र १० हजार ९५ जना घाइते भएको देखाएको छ । *रासस/सिन्ह्वा*

# अफगानिस्तानको जलालाबादमा ट्रक दुर्घटना, १८ जनाको मृत्यु

**जलालाबाद (अफगानिस्तान)–** पूर्वी अफगानिस्तानमा शनिबार एउटा ट्रक पल्टिएर दुर्घटना हुँदा ट्रकमा सवार १० जना बालबालिकासहित १८ जनाको मृत्यु भएको प्रान्तीय अधिकारीलाई उद्धृत गर्दै एएफपीले जनाएको छ ।

लगमान प्रान्तका गभर्नरका प्रवक्ता अब्दुल मलिक नियाजयका अनुसार ट्रकमा पाकिस्तानबाट फर्केका अफगान परिवारहरू सवार थिए । १० जना बालबालिका, पाँच जना महिला र तीन जना पुरुषसहित १८ जनाको मृत्यु भएको पुष्टि गर्दै थप, २९ जना घाइते भएको प्रवक्ताले बताएका छन् ।

पूर्वी अफगानिस्तानको जलालाबाद र राजधानी काबुल बीचको सडकमा ट्रक दुर्घटना भएको जानाइएको छ । पाकिस्तानका अधिकारीहरूले आफ्नो देशमा अफगान आप्रवासी र शरणार्थीहरूमाथि कडा नियम लागू गरेसँगै धेरै अफगानहरू आफ्नो सामान लिएर ट्रकमा स्वदेश फर्किने क्रम बढेको जनाइएको छ ।

संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्चायुक्त र आप्रवासनका लागि अन्तर्राष्ट्रिय संगठनको तथ्यांकअनुसार यस वर्षको सुरुदेखि चार लाख ४७ हजार ४०० अफगानीहरू पाकिस्तानबाट स्वदेश फर्केका छन् ।

यसअघि अगस्टमा, पश्चिमी अफगानिस्तानमा इरानबाट फर्केका अफगान आप्रवासीहरू बोकेको बस र अन्य दुई सवारीसाधनबीचको टक्करमा १९ बालबालिकासहित ७८ जनाको मृत्यु भएको थियो । *रासस/एएफपी*

संयुक्त राष्ट्रसंघले भन्यो

# अनलाइन माध्यम सुरक्षित बनाउन कडा नियम आवश्यक



**संयुक्त राष्ट्रसंघ–** संयुक्त राष्ट्रसंघको मानवअधिकार कार्यालयले बालबालिकाको अनलाइन सुरक्षासम्बन्धी नयाँ निर्देशिका सार्वजनिक गरेको छ । संयुक्त राष्ट्रसंघका मानवअधिकार उच्चायुक्त भोल्कर टर्कले सरकार तथा प्रविधि कम्पनीहरूलाई बालबालिकाका लागि अनलाइन माध्यमलाई अझ सुरक्षित बनाउन प्रभावकारी नियम, निगरानी तथा जवाफदेहिताको व्यवस्था गर्न आग्रह गरेका छन् ।

उनले डिजिटल संसारले बालबालिकालाई शिक्षा, सिर्जनशीलता तथा सामाजिक सम्बन्ध विस्तारका अवसर प्रदान गरे पनि उनीहरूको सुरक्षा, गोपनीयता तथा मानसिक स्वास्थ्यमा विभिन्न जोखिम उत्पन्न गरिरहेको बताए ।

उनका अनुसार अनलाइनमा देखिएका जोखिम स्वाभाविक नभई प्रविधि कम्पनीहरूको डिजाइन तथा व्यावसायिक अभ्यासका कारण बढिरहेका छन् । अनन्त स्क्रोल, स्वतः चल्ने भिडियो तथा निरन्तर सूचनाजस्ता सुविधाले बालबालिकामा अनलाइन प्रयोगको निर्भरता बढाउने गरेको उनले बताए ।

उच्चायुक्त टर्कले सामाजिक सञ्जालमाथिको पूर्ण प्रतिबन्धमात्र पर्याप्त समाधान नभएको स्पष्ट पार्दै अनलाइन प्लेटफर्महरूलाई नै सुरक्षित बनाउने दिशामा व्यापक पहल आवश्यक रहेको उल्लेख गरे । उनले डेटा सुरक्षा सुनिश्चित गर्न, हानिका जिम्मेवार पक्षलाई कानुनी जवाफदेहितामा ल्याउन तथा बालअधिकारको पूर्णसम्मान गर्नुपर्नेमा जोड दिए ।

निर्देशिकामा उमेर प्रमाणीकरण प्रक्रियामा सुरक्षा मापदण्ड अपनाउने, बालअधिकार प्रभाव मूल्यांकन अनिवार्य गर्ने तथा नियम निर्माण प्रक्रियामा बालबालिकाको सहभागिता सुनिश्चित गर्नुपर्ने सुझाव दिइएको छ । साथै कम्पनीहरूको पारदर्शिता, निगरानी तथा जवाफदेहिता अझ सुदृढ बनाउनुपर्ने उल्लेख गरिएको छ ।

उनले गलत तरिकाले गरिने उमेर प्रमाणीकरण प्रक्रियाले बालबालिका तथा वयस्क दुवैको गोपनीयता प्रभावित हुन सक्ने चेतावनी दिएका छन् । साथै सामाजिक सञ्जालमाथिको प्रतिबन्ध सजिलै छल्न सकिने भएकाले त्यसले बालबालिकालाई अझ जोखिमपूर्ण तथा कम निगरानी भएका प्लेटफर्मतर्फ जान प्रेरित गर्न सक्ने चिन्ता पनि व्यक्त गरेका छन् । *रासस/सिन्ह्वा*

# इन्धन राहतपछि जर्मनीको मूल्यवृद्धि दरमा कमी



**बर्लिन–** जर्मनीमा मे महिनामा मुद्रास्फीति दर घटेर २.६ प्रतिशतमा पुगेको छ । मध्यपूर्व युद्धका कारण पछिल्ला दुई महिनादेखि तीव्ररूपमा बढिरहेको मूल्यवृद्धि सरकारको अस्थायी इन्धन कर कटौती योजनापछि केही कम भएको सरकारी तथ्यांकले शुक्रबार देखाएको हो ।

जर्मनीको संघीय तथ्यांक कार्यालयका प्रारम्भिक तथ्यांकअनुसार अप्रिलमा २.९ प्रतिशत रहेको उपभोक्ता मूल्यवृद्धि मेमा घटेर २.६ प्रतिशतमा आएको हो । ऊर्जा मूल्य अझै पनि वार्षिकरूपमा ६.६ प्रतिशतले बढेको भए पनि यो अप्रिलको १०.१ प्रतिशत वृद्धिभन्दा निकै कम हो । अर्थशास्त्रीहरूले मे १ देखि लागू गरिएको दुई महिनाको इन्धन कर राहत योजनालाई यसको मुख्य कारण मानेका छन् । उक्त योजनाअन्तर्गत पेट्रोल र डिजेलमा प्रतिलिटर कर करिब १७ युरो सेन्टले घटाइएको छ ।

जर्मनीको केन्द्रीय बैंकले यो कदमले मे र जुन महिनामा मुद्रास्फीति करिब ०.२५ प्रतिशत बिन्दुले घटाउने अनुमान गरेको छ । तर विश्लेषकहरूले यो राहत अस्थायी हुन सक्ने चेतावनी दिएका छन् । एक अर्थविशेषज्ञले जुलाईपछि कर कटौती योजना समाप्त भए मुद्रास्फीति फेरि बढ्न सक्ने बताएका छन् । उनले मध्यपूर्व युद्धले ऊर्जामात्र होइन, खाद्यान्नलगायतका क्षेत्रमा पनि मूल्यवृद्धिको दबाब कायम राख्न सक्ने उल्लेख गरे ।

सरकारी अनुमानअनुसार इन्धन कर कटौतीका कारण करिब १.६ अर्ब युरो राजस्व घाटा हुने छ । जर्मनीका यातायात मन्त्रीले सरकारको यस्तो राहत कार्यक्रम दीर्घकालसम्म कायम राख्ने क्षमता सीमित रहेको बताएका छन् । उनका अनुसार यातायात लागत बढ्दै जाँदा खाद्यान्न र दैनिक उपभोग्य वस्तुको मूल्य पनि बढ्न सक्छ । यसैबीच, जर्मनीको आर्थिकविज्ञ परिषद्ले २०२६ मा जर्मनीको औसत मुद्रास्फीति तीन प्रतिशत र २०२७ मा २.८ प्रतिशत रहने प्रक्षेपण गरेको छ । २०२५ मा भने यो २.२ प्रतिशत थियो । विशेषज्ञहरूले उच्च ऊर्जा मूल्य र भूराजनीतिक अनिश्चितताले आगामी वर्षहरूमा पनि अर्थतन्त्रमा दबाब कायम रहने बताएका छन् । *रासस/सिन्ह्वा*

# अप्रिलमा ०.८ प्रतिशतले बढ्यो जापानको औद्योगिक उत्पादन



**टोकियो–** जापानको औद्योगिक उत्पादन अप्रिल महिनामा अघिल्लो महिनाको तुलनामा ०.८ प्रतिशतले वृद्धि भएको सरकारी तथ्यांकले शुक्रबार देखाएको छ । यससँगै लगातार दुई महिनादेखिको गिरावट अन्त्य भएको छ ।

जापानको अर्थतन्त्र, व्यापार तथा उद्योग मन्त्रालयका अनुसार कारखाना र खानीहरूको मौसमी समायोजित उत्पादन सूचकांक २०२० लाई आधार वर्ष मान्दा १०२.८ पुगेको प्रारम्भिक प्रतिवेदनमा उल्लेख छ । सामान्य प्रयोजन तथा व्यवसायमुखी मेसिनरी, विद्युतीय मेसिनरी र सूचना तथा सञ्चार इलेक्ट्रोनिक्स उपकरण क्षेत्रको उत्पादन वृद्धि प्रमुख कारण बनेको छ । कूल सात क्षेत्रमा उत्पादन बढेको मन्त्रालयले जनाएको छ ।

यद्यपि, मोटर वाहन, अकार्बनिक तथा कार्बनिक रसायन, साथै पेट्रोलियम तथा कोइला उत्पादनलगायत आठ क्षेत्रमा उत्पादन घटेको छ । निर्माताहरूको सर्वेक्षणका आधारमा मन्त्रालयले मे महिनामा उत्पादन ५.१ प्रतिशतले बढ्ने तथा जुन महिनामा ०.४ प्रतिशतले घट्ने अनुमान गरेको छ । *रासस/सिन्ह्वा*

# युरोपेली डिजिटल संरचना सुधारको नयाँ नीति

**ब्रसेल्स–** युरोपेली संघले भविष्यमा विदेशी डिजिटल कम्पनी र चिनियाँ चिप्समा निर्भरता घटाएर आफ्नै प्रविधि विकास गर्ने ठूलो योजना अघि बढाइरहेको छ ।

ब्रसेल्सले यो कदमलाई 'प्रविधि आत्मनिर्भरता'को रूपमा अघि सारेको छ । यसको उद्देश्य युरोपलाई विदेशी कम्पनी र सरकारहरूको प्रभावबाट जोगाउनु हो । युरोपमा अहिले इन्टरनेट क्लाउड सेवा, सामाजिक सञ्जाल र ई-कमर्स जस्ता क्षेत्रमा विदेशी कम्पनीहरूको ठूलो प्रभुत्व छ, जसले बजारको करिब ७० प्रतिशत हिस्सा ओगटेको छ ।

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प पुनः सत्तामा फर्किएपछि युरोपेली नेताहरूमा विदेशी डिजिटल प्रणालीमाथि नियन्त्रण हुन सक्ने डर बढेको बताइन्छ । उनीहरूलाई भविष्यमा कुनै राजनीतिक तनाव भएमा बाह्य देशले युरोपको डिजिटल प्रणाली बन्द गर्न सक्ने जोखिमको चिन्ता छ । *रासस/एएफपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २८५००० | प्रति तोला – ० | प्रति तोला – ४८६५ |



**पहेँलपुर करूखेती** | मनाङको चामे गाउँपालिका-२ स्थित थानचोको गाउँको बारीमा पहेँलपुर भएर पाक्दै गरेका करुखेती । यो मनाङको मुख्य रैथाने बालीको रूमा रहेको छ ।
*तस्बिर : नवीन लामिछाने/रासस*

# 'नवौं नेपाल घरजग्गा तथा निर्माण प्रदर्शनी' को तयारी सुरु

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी असोज १ गतेदेखि 'नवौं नेपाल घरजग्गा तथा निर्माण प्रदर्शनी' को तयारी सुरु भएको छ। नेपाल जग्गा तथा आवास विकास महासंघ र नेपाल जग्गा तथा आवास विकास संघको संयुक्त आयोजनामा आगामी असोज १ गतेदेखि ४ गतेसम्म 'नवौं नेपाल घरजग्गा तथा निर्माण प्रदर्शनी' हुन लागेको हो। प्रदर्शनीबारे जानकारी दिन शनिबार आयोजित पत्रकार सम्मेलनमा महासंघका महासचिव रोशन भोयधोले 'दिगोपनाका लागि हरियाली' भन्ने मूल नाराका साथ उक्त प्रदर्शनी आयोजना गरिने जानकारी दिए। 'आवासको हक र व्यवस्थित सहरीकरणमा जोड' दिने उद्देश्यसहित आयोजना हुने प्रदर्शनीको व्यवस्थापन सिआ इभेन्ट एसोसिएट्स प्रालिले गर्ने पत्रकार सम्मेलनमा जानकारी दिइयो।

महासचिव भोयधोले संविधानले आवासको हकलाई नागरिकको मौलिक हकका रूपमा अंगीकार गरेको परिप्रेक्ष्यमा उक्त प्रदर्शनीले सुरक्षित, व्यवस्थित र किफायती आवास विकासमा सहयोग पुग्ने बताए।

घरजग्गा व्यवसायी र उपभोक्तालाई एकै ठाउँमा भेला गराई नयाँ प्रविधि, उत्पादन र बजारको वास्तविक अवस्थाबारे जानकारी गराउनु मेलाको मुख्य उद्देश्य रहेको उनले बताए।

प्रदर्शनीमा उत्पादन तथा सेवाका एक सयभन्दा बढी स्टल रहने, भवन, संयुक्त आवास र जग्गा विकासका ठूला आयोजना, फलाम, स्टिल, सिमेन्ट, इँटालगायत निर्माण समाग्री, विद्युतीय सामान, आधुनिक फर्निचर, पाइप तथा फिटिङ्स, सेनेटरी वेयर्स, पेन्ट्स, सेरामिक, सिसा, टायल, घर सजावटका सामग्री, नवीकरणीय ऊर्जा, बैंक, बिमा कम्पनीलगायतको सहभागीता रहने जनाइएको छ।

संघका अध्यक्ष इन्जिनियर दीपक कुँवरले वर्तमान समयमा घरजग्गा व्यवसायमा देखिएको शिथिलताका बीच हुन लागेको प्रदर्शनीले नेपालको 'रियल स्टेट' क्षेत्रमा सकारात्मक ऊर्जा थप्ने बताए। उपभोक्ताले आफ्नो बजेट र रोजाई अनुसारको घर वा जग्गाको उचित मूल्यमा छनोट गर्न सक्ने उनले बताए। यस्तै, इन्जिनियर, 'आर्किटेक्चर' र सहरी योजनाकारबीचको समन्वयले नेपालमा आधुनिक र वातावरणमैत्री सहरीकरणको जग बसाल्न मद्दत पुग्ने इन्जिनियर कुँवरको भनाइ छ। मेलामा सम्बन्धित क्षेत्रका विज्ञबाट उपभोक्तालाई प्रत्यक्ष परामर्श सेवासमेत प्रदान गरिने जनाइएको छ।

# पेट्रोलियम उत्पादनका लागि सम्झौताको गृहकार्य

**काठमाडौं (प्रस)–** खानी तथा भूगर्भ विभागले पेट्रोलियम उत्पादनका लागि दोस्रो चरणको सम्झौताको गृहकार्य गरेको छ। विभागले व्यावसायिक उत्खननका लागि विभाग र चाइना जियोलोजिकल सर्भेबीच थप सम्झौताका लागि आन्तरिक तयारी गरेको हो।

पेट्रोलियम पदार्थको आन्तरिक उत्पादनका लागि चीन सरकारको प्राविधिक सहयोगमा सञ्चालित पेट्रोलियम अन्वेषण परियोजनाले दैलेखको भैरवी गाउँपालिका-१, जलजलेमा पहिलो चरणको 'ड्रिलिङ', अन्वेषण कार्यलगायत सकिएको जनाएको छ। पेट्रोलियम पदार्थको ड्रिलिङ र अन्वेषण कार्यहरू सम्पन्न गरेको विभागले व्यावसायिक उत्पादन सुरु गर्न उक्त सम्झौताका लागि विभागले आवश्यक सहयोग प्राप्त गर्न सरकारसँग समन्वय गरेको हो।

विभागले चीनको प्राविधिक टोलीसँगको सहकार्यमा हालै सिस्मिक सर्भे, जियोलोजिकल सर्भे, म्याग्नेटो टेल्युरिक सर्भे र जिओ केमिकल स्याम्पलिङ सर्भे सम्पन्न गरेको पेट्रोलियम अन्वेषण परियोजनाका निमित्त प्रमुख धर्मराज खड्काले जानकारी दिए। पेट्रोलियम पदार्थ उत्पादन तथा भण्डारण परिमाणको अध्ययनका लागि गरिएको नमूना परीक्षणले समेत पेट्रोल र प्राकृतिक ग्यासको सम्भावनालाई पुष्टि गरेको जनाइएको छ।

# 'पुँजीगत खर्च बढाउँदा अर्थतन्त्र चलायमान हुन्छ'

■ प्रभाव संवाददाता



**काठमाडौं** – नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जन श्रेष्ठले पुँजीगत खर्च बढाउने सरकारको सकारात्मक पहलका रूपमा रहेको भन्दै यसले निजी क्षेत्र चलायमान हुने विश्वास व्यक्त गरेका छन्।

नेपाल जग्गा तथा आवास विकास संघद्वारा शनिबार आयोजित १९औं वार्षिक साधारणसभामा उहाँले आगामी आर्थिक वर्षको बजेटमा थोरै भए पनि पुँजीगत खर्च बढ्दा अर्थतन्त्र चलायमान हुने बताए।

अध्यक्ष श्रेष्ठले बजेटले पूर्वाधार क्षेत्रको खर्च बढाउनु, आयकर घटाउनु, प्रविधिलाई जोड दिनु सकारात्मक पक्ष भएको प्रतिक्रिया दिए। उनले रोजगारीका लागि विदेश जानुपर्ने र उपभोग्य वस्तु ७० प्रतिशत विदेशबाट आयत गर्नुपर्ने अवस्थाको अन्त्य गर्नुपर्नेमा जोड दिए। उनले बजेटले विदेशी नागरिकलाई लिजमा घर किन्न पाउने व्यवस्था गर्नु, व्यवस्थित सहरको कल्पना गर्नु यस क्षेत्रका व्यवसायीका लागि खुसीको विषय भएको उल्लेख गरे।

घरजग्गा व्यवसायको समस्यालाई समाधान गर्न महासंघ सदैव सकारात्मक भएर लाग्ने अध्यक्ष श्रेष्ठको भनाइ छ। उनले हदबन्दीको समस्या समाधानका लागि महासंघले सम्बन्धित निकायको ध्यानाकर्षण गरिसकिएको जानकारी दिए।

नेपाल जग्गा तथा आवास विकास महासंघका अध्यक्ष विष्णुप्रसाद घिमिरेले बजेटले एकीकृत सहरी पूर्वाधारको कल्पना गरेको भन्दै त्यसलाई महासंघले सकारात्मक रूपमा लिएको बताए। जग्गा हदबन्दी र कित्ताकाटलाई सरकारले अध्यादेशमार्फत अगाडि बढाउने उनले विश्वास व्यक्त गरे।

नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले मुलुकको समग्र अर्थतन्त्र सकारात्मक भएपनि लगानीको वातावरण नबन्दा समस्या परेको बताए। अर्थतन्त्र चलायमान बनाउनका लागि घरजग्गा व्यवसाय चलायमान हुनुपर्ने उनको भनाइ छ। अर्थतन्त्र चलायमान बनाउन यस क्षेत्रमा देखिएका समस्या समाधानमा सरकार लाग्नुपर्नेमा उनले जोड दिए।

नेपाल चेम्बर अफ कमर्शका वरिष्ठ उपाध्यक्ष दीपक मल्होत्राले लामो समयको अन्योलपछि स्थायी सरकार बनेको भन्दै यो सरकारसँग निजी क्षेत्र आशावादी रहेका बताए। घरजग्गा व्यवसायलाई माथि उकास्न सकेमात्र अन्य व्यवसाय अगाडि बढ्ने उनको भनाइ छ। नयाँ सरकारले भौतिक पूर्वाधारको क्षेत्रमा करिब रु चार खर्ब बजेट विनियोजन गर्नु निजी क्षेत्रका लागि खुसीको विषय भएको उनले प्रतिक्रिया दिए।

नेपाल जग्गा तथा आवास विकास महासंघका संस्थापक अध्यक्ष मीनमान श्रेष्ठले विदेशी नागरिकले 'अपार्टमेन्ट' लिजमा किन्न पाउने सरकारको निर्णय सकारात्मक भएको बताए। मुलुकको अर्थतन्त्र चलायमान बनाउने घरजग्गा व्यवसाय शिथिल बन्दै गएका आगामी आवको बजेटले सकारात्मक मार्ग देखाएको उनले प्रतिक्रिया दिए।

संघका अध्यक्ष इन्जिनियर दीपक कुँवरले जग्गा हदबन्दीका कारण घरजग्गा व्यवसाय संकटमा परेको बताए। उनले विस २०७६ सालदेखि लागू भएको जग्गा हदबन्दीसम्बन्धी व्यवस्थाले व्यवसायीलाई ठूलो मर्कामा परेको भन्दै यो समस्या यथाशीघ्र समाधान हुनेमा विश्वास व्यक्त गरे।

# दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजनाको ठेक्का यसै वर्ष

**खोटाङ–** खोटाङ र ओखलढुंगाको सीमानामा पर्ने दूधकोशीस्थित रभुँवाघाटबाट उत्पादन गर्न लागिएको ६७० मेगावाट क्षमताको दूधकोशी जलाशययुक्त जलविद्युत आयोजना अघि बढ्ने भएको छ। नेपाल सरकारले शुक्रबार सार्वजनिक गरेको आर्थिक वर्ष २०८३/८४ को बजेटमा दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजना समावेश गरेपछि आयोजनाको काम अघि बढ्ने निश्चित भएको हो।

दूधकोशी जलाशययुक्त जलविद्युत आयोजनालाई नेपाल सरकारले प्राथमिकताका साथ अगाडि बढाउने गरी अर्थमन्त्री डा स्वर्णिम वाग्लेले बजेटमा समावेश गरेका छन्। दूधकोशी आयोजना सञ्चालनका लागि ठेक्का आव्हान गरेर आयोजनाको काम अगाडि बढाउने अर्थमन्त्री डा वाग्लेले बजेट भाषणमार्फत जानकारी दिएका छन्।

खोटाङको रावाबेँसी गाउँपालिका-३ लामीडाँडा र ओखलढुंगाको चिसफुगढी गाउँपालिका-६ भदौरेको सीमानामा पर्ने रभुँवाघाटबाट उत्पादन गरिने बहुउद्देश्यीय जलविद्युत् आयोजनाका लागि तत्कालीन अर्थमन्त्री वर्षमान पुनको पालामा नेपाल सरकार र लगानीकर्ताबीच सहमति जुटाइएको थियो। करिब ४३ वर्षअघि अध्ययन गरिएको दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजनामा एसियाली विकास बैंक (एडिबि) लगायतका वित्तीय संस्थाहरूले लगानी गर्ने जनाएको छ।

दूधकोशी आयोजनाले ओगट्ने खोटाङ, ओखलढुंगा र सोलुखुम्बुका सरकारी तथा व्यक्तिका गरी करिब २५ हजार रोपनी जग्गा प्राप्ति (अधिग्रहण) को प्रक्रिया अघि बढाइएको छ। जलाशययुक्त जलविद्युत् आयोजना सञ्चालनका लागि सरकारी जग्गा बाहेक व्यक्तिको नाममा रहेको करिब २० हजार रोपनी जग्गा अधिग्रहण हुने अनुमान गरिएको विद्युत् प्राधिकरणले जनाएको छ।

बजेट अभावका कारण व्यक्तिको नाममा रहेको जग्गाको मुआब्जा लामो समयसम्म निर्धारण नहुँदा जलविद्युत आयोजना नबन्ने होकी भन्ने चिन्ता बढ्दै गएको थियो। मुआब्जा निर्धारण नभए पनि जलविद्युत् आयोजनाबाट प्रभावित हुने जग्गाको किनबेचमा भने, नेपाल सरकारले रोक लगाएको छ। जलविद्युत् आयोजनाका लागि सरकारले जग्गा किनबेचमा रोक लगाएर मुआब्जा निर्धारणमा अलमल गर्दा समस्या भएको स्थानीय जग्गाधनीको गुनासो छ। अर्थमन्त्री डा वाग्लेले प्रस्तुत गरेको बजेटमा उक्त आयोजना समावेश भएपछि जिल्लावासी हर्षित भएका छन्।

दूधकोशी आयोजनालाई सरकारले राष्ट्रिय गौरवको आयोजनामा राखेको छ। सरकारको राष्ट्रिय गौरवको आयोजनामा रहेको दूधकोशी आयोजनाले ओगट्ने जग्गाको मुआब्जा निर्धारणका लागि रायसुझाव लिन बसेको सर्वदलीय बैठकले जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम चलनचल्तीको मूल्य, बैंक तथा वित्तीय संस्थाले गर्ने मूल्यांकन, जिल्लामा कारोबार भएको मूल्य र सरकारी दर रेटलाई आधार मानेर जग्गाको मूल्य निर्धारण गर्ने निचोड निकालेको थियो।

दूधकोशी आयोजनाका लागि खोटाङतर्फ जग्गा कारोबार २०७८ असारदेखि रोक्का छ भने ओखलढुंगातर्फको जग्गा अधिग्रहणका लागि २०७८ फागुनमा सूचना निकालिएको थियो। जग्गा प्राप्ति ऐन र जग्गाधनीको अपेक्षा नमिल्दा जलविद्युत् आयोजनाका लागि अधिग्रहण गरिने जग्गाको मुआब्जा निर्धारण हुन नसकेको स्थानीय जनप्रतिनिधि बताउँछन्। दूधकोशी आयोजना सञ्चालनका क्रममा १६२ घरपरिवार पूर्णरूमा विस्थापित हुने र ९८८ परिवार आंशिक प्रभावित हुने प्रारम्भिक अध्ययनमा देखिएको छ। बहुवर्षे आयोजनाका रूमा अगाडि बढाइएको दूधकोशीबाट एक हजार ५० परिवारको खेतीयोग्य जमिन डुबानमा पर्नेछ।

रभुँवाघाटमा २२० मिटर अग्लो बाँध बनाएर बनाइने जलाशयबाट सुरुङमार्फत हलेसी तुवाचुङ नगरपालिका-९ धितुङमा पानी खसाएर बिजुली उत्पादन गर्ने लक्ष्यका साथ दूधकोशी आयोजनाको काम अघि बढाइएको छ। दूधकोशी आयोजनाबाट वार्षिक तीन अर्ब ४४ करोड ३० युनिट बिजुली उत्पादन हुने विद्युत प्राधिकरणले जनाएको छ। दूधकोशी आयोजना सञ्चालनमा आएपछि विद्युतीय सेवासँगै जलाशयमा डुंगा सयर, माछापालन तथा तीन जिल्लाको पर्यटन विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ। दूधकोशी जलाशयमा हलेसी तथा सर्वोच्च शिखर सगरमाथा आउने पर्यटकलाई डुंगा सयर गराउन सकिने छ। *रासस*

अवैध चोरी निकासी नियन्त्रण गरौं

- गैरकानुनी रूमा सामान देश बाहिर लैजाने/ल्याउने कार्य रोकौं,
- शंकास्पद गतिविधि देखे सम्बन्धित निकायमा जानकारी गराऔं,
- वैधानिक प्रक्रियाबाट आयात-निर्यात गरौं,
- कर छलि र तस्करीविरूद्ध सचेत बनौं,
- सीमा क्षेत्र र बजारमा निगरानी बढाऔं,
- प्राकृतिक स्रोत, वन सम्पदा तथा राष्ट्रिय सम्पत्तिको रक्षा गरौं,

आर्थिक सुशासन कायम गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ